NEPAL ENTREPRENEURSHIP SUMMIT 2019

# नेपाल उद्यमशीलता सम्मेलन २०१९

# कार्यविवरण

# Proceedings

NEPAL
ENTREPRENEURSHIP
SUMMIT 2019

# नेपाल उद्यमशीलता सम्मेलन २०१९ को कार्यविवरण

(Proceedings)

NEPAL
ENTREPRENEURSHIP
SUMMIT 2019

२ फागुन २०७५ (14th Feb 2019)



# भूमिका

उद्यमशीलतालाई आर्थिक समृद्धिको सम्वाहकको रूपमा पहिचान गर्ने, साना, मझौला तथा ठूला उद्योग-व्यवसाय एवम् नयाँ युवा उद्यमी बीचको सम्बन्ध विस्तारको प्रक्रिया को पहिचान गर्ने, नयाँ प्रतिभा, प्रविधि, श्रृजनशीलतासँगै उद्यमशीलतालाई प्रवर्द्धन र संरक्षणको आवश्यकता सहित उपयुक्त वातावरणको पहिचान गर्ने, युवा उद्यमीलाई उद्योग व्यवसायमा लाग्न अभिप्रेरित गर्ने कानुन एवम् अन्य प्रावधानका बारेमा पहिचान गर्ने उद्देश्य सहित आयोजना गरिएको नेपाल उद्यमशीलता सम्मेलन २०१९ मा सबै क्षेत्र, तहका विशिष्ट व्यक्तिहरूको सहभागिताले परिसंघको प्रयाशलाई थप ऊर्जा एवं उत्साह मिलेको छ ।

उद्यमशीलता रोजगारी सृजनागर्ने एवं नवीनतम सोच-प्रयोगकोलागि महत्वपूर्ण माध्यम हुनसक्दछ । संघीय, प्रान्तीय र स्थानीय स्तरको आर्थिक वृद्धि र समग्र आर्थिक विकासको क्रममा उद्यमशीलता केन्द्रविन्दुमा रहेको छ । नवीनतम सोच र अवसरको समयमै प्रयोगले उद्यमीहरूले राष्ट्रिय र स्थानीय स्तरमा आर्थिक परिवर्तन र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्न सक्दछन् । साना, मझौला तथा ठूला उद्योग-व्यवसायमा संलग्न स्वदेशी एवम् विदेशी उद्यमीहरू, नयाँप्रविधि र कार्ययोजना सहित उद्यमशीलताको प्रवर्द्धनमा संलग्न युवा उद्यमीहरू, नेपाल सरकारका सम्बन्धित क्षेत्रका पदाधिकारीहरू योजना विद्हरू, अर्थविदहरू, राजनीतिज्ञहरू एवं पत्रकारहरूको समेत उल्लेख्य सहभागिता र सक्रियताले समेत हामी अझ बढी हौसिएका छौं ।

नेपालमा उद्यमशीलताका लागि उत्प्रेरणा को आवश्यकता अन्य मुलुकको तुलनामा अझ बढी छ । त्यसको समाधानको लागि लगानीमैत्री वातावरणको सृजनागर्नु, संस्थागत सेवादिने सेवाहरूलाई सरलीकरण र सुदृढीकरण गर्नु, वित्तमा सरल, सहज र नियमित पहुँच हुनु, सरकारी नीति अनुकूलहुनु, शिक्षा र

तालिमको व्यवस्थाबाट उद्यमशीलता विकाश गर्नु आदिलाई सम्बोधन गर्न पनि राष्ट्रिय, क्षेत्रिय र अन्तर्राष्ट्रिय स्तरको अनुभवको आदानप्रदान, भेटघाटहुन आवश्यक छ । परिसंघले आफ्नो विगतका अनुभव, हाल देशमा उद्यमशीलताको बिकाशमा देखिएका सम्भावना र अन्तर्राष्ट्रिय, क्षेत्रिय एवम् बहुराष्ट्रिय अनुभव समेतलाई संगालेर एउटा बृहत, प्रभावकारी, सन्देशमूलक र कार्यान्वयन योग्य Federal Nepal-Opportunities for Investment and Growth विषयमा विषयगत छलफल गरी नेपाल सरकारलाई संघीय, प्रान्तीय र स्थानीय तहमा उद्यमशीलता देखि औद्योगिककरण सम्म गर्नु पर्ने कार्यको नवीनतम सोच, युवा, महिलाहरूको बढी





सहभागितामा त्यस्तो सुझाव पेश गर्ने यो कार्य विवरण उपयोगीहुने अपेक्षा गरेका छौं ।

नेपाल उद्योग परिसंघ, नेपाल सरकार र विशाल मिडिया ग्रुप समेतको सह आयोजनामा निजी क्षेत्रका प्रतिनिधि मूलक संस्थाहरूले युवा उद्यमी एवं सम्भाव्य उद्यमीहरूलाई स्थापित भईसकेका उद्यमीहरूले आफ्नो अनुभव साट्ने र विगतमा उद्यमीले भोग्नु परेको पीडा भोग्नु नपरोस र मुलुकले हालआएर संघीय संरचना आफ्नो ऐन कानुनहरू समेत समय सापेक्ष रूपमा परिवर्तन गर्दै लगिरहेको र केही आर्थिक ऐनहरू परिवर्तन गर्ने क्रममा रहेको हुँदा सम्बन्धित क्षेत्रका उद्यमी, व्यवसायी, विद्यार्थी, युवा एवं सरोकारवाला सबैले उद्यमशीलता सम्बन्धमा समेत ठोस सुझाव दिई कसरी प्रभावकारी उद्यमशीलता प्रबर्धनगर्न सकिन्छ भन्नेमा छलफल, निष्कर्ष र सुझाव निकाली यस कार्य विवरणमा प्रस्तुतगर्ने जमर्को गरेका छौं ।

नेपालको व्यापारघाटा चिन्ता र चासोको विषय भएको छ । यसमा नवीनतम सोच प्रविधि र उद्यमशीलताको माध्यमबाट व्यापारघाटा घटाउनु नितान्त आवश्यक भइसकेको छ । विश्वव्यापारमा प्रतिस्पर्धी हुन नेपाली वस्तुको उत्पादन र निकासी योग्य वस्तु प्रतिस्पर्धी हुनु पर्ने वास्तविकतालाई ध्यानदिदै यस सम्मेलनबाट व्यापारघाटा घटाउने तर्फ ठोस कार्यगत सुझाव समेत आएका छन् ।

नेपाल सरकार, नेपाल उद्योग परिसंघ र विशाल मिडिया ग्रुपको संयुक्त आयोजनामा आयोजित यस कार्यक्रमले सार्वजनिक निजी साझेदारीको भूमिका खेल्ने र सञ्चार जगतमा बढीसे बढी उद्यमशीलता बारेका सूचनाप्रवाह, सम्प्रेषण बाट युवा उद्यमीहरू उद्यमशीलतातर्फ अग्रसर हुनेछन् भन्ने अपेक्षालिएका छौं ।

मुलुकको नयाँ संविधान आइसकेपछि तीनै तहका चुनाव सम्पन्नभइ ती निकायहरूले आ-आफ्नो कार्य तीव्र गतीमा गर्ने जमर्को गरी कार्यक्रमहरू र कार्यगत योजना ल्याइरहेको सन्दर्भमा Federal Nepal: Opportunities for Investment and Growth भन्ने नारा सहित आयोजित यस सम्मेलनले संघीय संरचना र प्रदेशको तीव्रतर औद्योगिककरणका सम्भाव्यताको पहिचान, आवश्यकताको अध्ययन र क्षेत्रगत/वस्तुगत कार्यक्रमको तर्जुमामा समेत यसले योगदान पुऱ्याउन सक्ने अपेक्षा लिईएको छ ।

**अन्तमा, यस सम्मेलनलाई सफल बनाउन सहयोग गर्नु हुने सबैमा हार्दिक आभार सहित कृतज्ञता ज्ञापन गर्दै आगामी दिनहरूमा समेत सहयोग, सद्भाव र समन्वयको अपेक्षा परिसंघले राखेको छ ।**

हरि भक्त शर्मा
अध्यक्ष

# नेपाल उद्यमशीलता सम्मेलन २०१९ को संक्षिप्त विवरण र निष्कर्ष

## (In Summary)

नेपाल उद्योग परिसंघले २०७५ फागुन २ गते आयोजना गरेको **'नेपाल उद्यमशीलता सम्मेलन २०१९'** सफल भएको छ । नेपाल उद्योग परिसंघ, नेपाल सरकार, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र विशाल मिडिया ग्रुप समेत आयोजक रहेको यस सम्मेलनमा राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टीको अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', अर्थमन्त्री डा. युवराज खतिवडा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री

आर्थिक वृद्धिका लागि उद्यमशीलताको महत्व र उद्यमशीलता विकासमा आफ्नो तर्फबाट गर्न सक्ने योगदानको बारेमा सम्मेलनमा सरकार, राजनीतिक दल र निजी क्षेत्रको उच्चस्तरको नेतृत्वले व्यक्त गरेको सकारात्मक सोच र प्रतिवद्धताले नेपालमा उद्यमशीलताको लागि अनुकुल वातावरण बन्दैछ, यसको लागि आवश्यक पूर्वाधारहरू बन्दैछन् र उद्यमशीलता गरिरहेका र गर्न चाहने सबैको भविष्य सुखद रहने सन्देश दिएको छ ।

### सम्माननीय राष्ट्रपतिज्यूबाट

मातृका यादव, प्रदेश सरकारका मन्त्रीहरू, संघीय सांसद्हरू, प्रदेश सभाका सदस्यहरू, विभिन्न आयोगका पदाधिकारीहरू, मन्त्रालयका सचिवहरू, प्रमुख दलका नेताहरू, पूर्व प्रशासकहरू, नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारी, औद्योगिक व्यवसायिक प्रतिष्ठानका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, उद्यमी तथा व्यवसायीहरू, सम्भाव्य युवा उद्यमीहरू, संचारकर्मीहरूको उपस्थिति उत्साहजनक रह्यो ।

## समुद्घाटन तथा सम्बोधन

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले पानसमा वत्ति बालि **नेपाल उद्यमशीलता सम्मेलन २०१९** को विधिवत समुद्घाटन गर्दै मुलुकमा नयाँ सोच र जोश भएका युवाहरूलाई उद्यमशीलतामा र सरकारको तर्फबाट उनीहरूको लागि अनुकूल बातावरण बनाई सघाउनु पर्नेमा जोड दिनुभयो । उद्यमशीलता विकासले स्वेदशमा नै रोजगारी सिर्जना गर्ने, रोजगारीको लागि युवाहरू विदेश जानु नपर्ने, स्वदेशमा उत्पादन वृद्धि







हुने, आयात व्यवस्थापनको साथै निर्यात वृद्धि हुने, वैदेशिक व्यापार घाटालाई सन्तुलनमा ल्याउन सहयोग गर्नेमा जोड दिनुभयो ।

'बाँदरको अगाडि केरा र पैसा फालिदियो भने बाँदरले केरा टिप्छ, पैसा टिप्दैन । बाँदरलाई यो थाहा हुंदैन कि त्यो पैसाले धेरै केरा किन्न सकिन्छ । मलाई लाग्छ जागिर खानु केरा टिप्नु जस्तै हो भने उद्यम गर्नु पैसा टिप्नु हो' चीनका सबैभन्दा धनी व्यक्ति ज्याक्माको

युवालाई उद्यमशीलता मार्फत आर्थिक विकासमा प्रत्यक्ष सहभागी गराउनु पर्ने, उनीहरूमा रहेका ज्ञान, क्षमता, दक्षता र विज्ञतालाई उपयोग गर्नुपर्नेमा बक्ताहरूले जोड दिनु भयो ।

नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले नेपाल उद्यमशीलता सम्मेलनको उद्देश्यबारे प्रकाश पार्दै युवाहरूलाई उद्यमशीलताप्रति आकर्षित गर्न र पलायन हुनबाट रोक्न सघाउ पुर्याउने उद्देश्यले यो सम्मेलन

भनाई उदृत गर्दै पूर्वमन्त्री सुरेन्द्र पाण्डेले भन्नुभयो ।

'जति जोखिम लिन सकियो त्यति नै उद्यमशीलता बनाउन सकिन्छ । त्यसैले हाम्रा विद्यार्थीलाई जोखिम वहन गर्न सिकाउनु पर्छ' श्री एयरलाईन्स प्रालिका प्रबन्ध निर्देशक सुधीर मित्तलले भन्नुभयो-'जोखिम उठाउने हिम्मत नगरेसम्म सफलता आउँदैन र उद्यमशीलता पनि फस्टाउँदैन ।'

### विकासको आधार 'युवा जनशक्ति'

नेपालमा युवा जनशक्ति धेरै राम्रो भएको र यसको समूचित परिचालन हुनुपर्नेमा जोड दिइयो । नेपाली

आयोजना गरिएको स्पष्ट पार्नुभयो । वार्षिक ५ लाखभन्दा बढी युवा रोजगारीको लागि विदेशमा जाने, तर नेपालमा काम गर्ने श्रमशक्ति नहुनु दुर्भाग्य भएको सम्मेलनमा विचार राख्नु भयो ।

### उद्यमीलाई सम्मान गरौं

सम्मेलनमा उद्यमीलाई सम्मानजनक रूपमा हुर्नु पर्ने र 'बढी नाफा, बढी खुशी'लाई सबैले आत्मसाथ गर्नुपर्नेमा बक्ताहरूले जोड दिनु भएको थियो ।

योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोविन्दराज








पोखरलेले भन्नुभयो-प्रधानमन्त्री, मन्त्री, नेताहरूको नाम गाउँगाउँमा सबैले चिन्छन् । तर, सबैभन्दा बढी कर तिर्नेको नाम कसैले सुनेको हुँदैन । करदाताको सम्मान र पहिचान भएन ।

नेपाली समाजमा राम्रो आम्दानी गर्ने, सुविधा सम्पन्न जीवनशैली अपनाउनेलाई राम्रो नजरले हेरिदैन । नागरिक

थापाले भन्नुभयो-'जुन दिनसम्म नेपाली समाजमा मुनाफा कमाउनु अपराध हो, पाप हो भन्ने मान्यता रहिरहन्छ तबसम्म देश बन्दैन् ।'

पूर्वमन्त्री महेश बस्नेतले भन्नुभयो-'स्कुल खोल्न, खेल मैदान बनाउन, बाटो माग्न, पुल माग्न मान्छे आउँछन् । तर उद्योग खोल्छु भनेर मान्छे आउँदैनन् ।

समाजमा अलिकति फाइदा हुने कुरा गर्‍यो भने कस्तो व्यापारीको जस्तो सोच भनेर होच्याइन्छ । प्रशासनिक तहमा पनि उद्यमी व्यवसायीलाई हेपेर व्यवहार भएको व्यवसायीहरूले सार्वजनिक रूपमा बोल्दै आएका छन् । के उद्योग व्यवसाय गर्नु, नाफा कमाउनु गलत काम हो ?

'बढी नाफा हुनु, बढी खुशी आर्जन गर्नु हो । जबसम्म हामी नाफामा उत्सव मनाउन सक्दैनौं, व्यवसायीलाई नाफामा उत्सव मनाउने वातावरण दिंदैनौं, तबसम्म उद्यमशीलताको विकासका लागि उचित वातावरण भएको मान्न सकिदैन' डा. पोखरलेले भन्नुभयो ।

पूर्वमन्त्री तथा नेपाली काँग्रेसका सांसद गगन किनकी यहाँ उद्योग व्यवसाय गर्नेलाई इज्जत दिईएन ।'

नेपाल मेडिसिटी अस्पतालका प्रबन्ध निर्देशक उपेन्द्र महत्तोले भन्नुभयो-'राजनीति गर्नेले मन्त्री हुँदा गर्व गरेजस्तै व्यवसाय गर्नेले पैसा कमाएकोमा, धनी भएकोमा गर्व गर्नुपर्छ । साथै, कमाएको पैसा मध्ये केही हितकारी काममा खर्च गर्नुपर्छ ।'

### उद्यमीकै नजरमा 'राम्रो अवसर'

सम्मेलनमा सहभागी वक्ताहरू मध्ये सफल उद्यमीहरूको नजरमा पनि नेपालमा उद्योग व्यापार गर्न धेरै राम्रो अवसर छ । नेपालीको आयस्तर बढ्दै जानु, उपभोग्य संस्कृति बढ्नु, गरिवी घट्नु, गुणस्तरीय







बस्तु तथा सेवा खरिदको लागि नेपालीहरू उच्च मूल्य तिर्न तयार हुनु, २० देखि ४० वर्ष उमेरका ७५ लाख युवा नेपालमा हुनु व्यवसायीहरूको लागि धेरै राम्रा संकेत हुन् ।

नेपाल उद्योग बाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष

'म दावाका साथ भन्छु-"नेपालमा जस्तो व्यवसाय गर्नको लागि राम्रो अवसर विश्वका अरू कुनै पनि देशमा छैन" गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष एवं नेपाल मेडिसिटी अस्पतालका प्रबन्ध निर्देशक उपेन्द्र महत्तोले भन्नुभयो ।

शेखर गोल्छाले पनि नेपालमा उद्यमीको लागि राम्रो अवसर भएको बताउनु भयो । 'गरिबी ४० प्रतिशतबाट २४ प्रतिशतमा झरेको छ । यसको अर्थ उपभोग्य क्षमता पनि बढेको छ । उत्पादित बस्तु तथा सेवाको बजार ठूलो भएको छ ।

नेपाल उद्योग परिसंघका उपाध्यक्ष अनुजकुमार अग्रवालले भन्नुभयो-समस्या नै आविस्कारको जननी हो । जहाँ समस्या छ, त्यहाँ व्यवसाय गर्न धेरै अवसर छन् । हामी कहाँ बाटो छैन त बाटो बनाउने अवसर छ । जहाँ उद्योग छैन, त्यहाँ उद्योग खोल्ने अवसर हुन्छ । बाटो छ, उद्योग छ, सबैतिर राम्रो छ, त्यसमा के काम गर्ने ? बत्ती नहुँदा पनि हामीले अवसर देखेर जलविद्युतमा लगानी गरेका हौ ।

## पूँजीमा पहुँच विस्तार

जागिर भन्दा व्यवसाय गर्दा राम्रो भनेर मात्र हुँदैन । दैनिक सरदर ३० वटा कम्पनी दर्ता हुने गरेका रहेछन् । दैनिक ३० वटा नयाँ कम्पनी आउँदा नेपालमा उद्यमशीलताको विकास व्यापक रूपमा हुनुपर्ने हो, तर त्यस्तो देखिदैन । त्यसको मुख्य कारण पूँजीमा पहुँचको कमी भएको सम्मेलनको निष्कर्ष छ ।

उद्यमी बन्नको लागि पूँजी चाहिन्छ, तर विश्व बैंकको एक रिपोर्ट अनुसार १०० रूपैयाँ कर्जा लिन ३६४ प्रतिशत सम्पत्ति धितो राख्नुपर्छ । स्टार्टअप फण्डको विकास भएको छैन । यस्ता धेरै विषयमा सुधार हुनु जरूरी छ । 'व्यवसाय गर्न कुनै युवा अगाडि बढ्यो,







शुरूमा उसलाई पैसा हुँदैन । जसोतसो पूँजी जुटाएर अगाडि बढ्न खोज्यो भने उसलाई सरकारी निकायले प्रोत्साहन गर्दैन, निरूत्साहित पार्छ' सांसद गगन थापाले

इक्विटी, भेञ्चर क्यापिटल लगायतका वित्तीय औजारको प्रयोग कम भएकोले पनि उद्यमशीलता प्रवर्द्धनमा पूँजीको अभाव देखिन्छ, पूर्व बैंकर सुमन जोशीले भन्नुभयो ।

बताउनु भयो ।

पूर्वमन्त्री बस्नेतले भन्नुभयो-उद्योगी व्यवसायीहरूलाई नगद अनुदान दिने सवालमा अर्थमन्त्रालय निकै संकुचित छ । पुलिस वा सेनामा ५ हजार दरबन्दी थप्न वा नयाँ नियुक्ती गर्न सरकार सहज बन्छ, तर एउटा उद्योग खोल्न र त्यसबाट रोजगारी सिर्जना गराउन सरकारले सहयोग गरिरहेको हुँदैन । उद्योग दर्ता गर्न जाँदा कर्मचारीले, सरकारका मान्छेले कि सित्तैमा सेयर माग्छन् कि सोझै पैसा माग्छन् ।

'४५.३ प्रतिशत युवासँग नयाँ आइडीया छ, तर पैसा छैन । उद्यमशीलता र समृद्धि सबैको मुखमा झुण्डिएको छ । तर, त्यस अनुसारको अनुसन्धान भएको छैन । वित्तीय पहुँच साह्रै कम छ' विजनेश अक्सिजन एण्ड डल्ले स्टोरका प्रबन्ध निर्देशक सिद्धान्तराज पाण्डेले भन्नुभयो । बैंकहरूले बिना धितो ऋण दिन गाह्रो मान्छन् । प्राइभेट कोरियामा औद्योगिक विकास गर्ने समयमा त्यहाँका बैंकले निक्षेपकर्तालाई १२ प्रतिशत व्याज दिएको, तर सरकारी अनुदानमा बैंकले उद्यमीलाई ६ प्रतिशत व्याजमा कर्जा प्रवाह गरेको उदाहरण दिँदै पूर्वमन्त्री सुरेन्द्र पाण्डेले त्यस्तै नीति नेपालले पनि अवलम्बन गर्नुपर्ने बताउनुभयो । अर्थ मन्त्रालयका सह-सचिव मधु मरासिनीले सरकारको तर्फबाट वित्तीय पहुँच बढाउन भएका प्रयासबारे जानकारी दिनुभयो ।

## घरेलु तथा साना उद्योग

सम्मेलनका सबै वक्ताले घरेलु तथा साना उद्योगको महत्वको चर्चा गरे । सरकारी अधिकारीहरूले मात्र होइन, ठूला उद्यमीहरूले पनि साना तथा घरेलु उद्योगलाई प्रवर्द्धन गर्नु पर्नेमा जोड दिनुभयो ।

'अहिले संसारको ठूलो समस्या भनेको धनी र गरीब बीचको खाडल नै हो । त्यसलाई पुर्नका लागि घरेलु





तथा साना उद्योगको प्रवर्द्धन नै महत्वपूर्ण हतियार हो । आज पनि ठूला उद्योगीको नाफा दैनिक बढिरहेकै छन् । समस्यामा परेका घरेलु तथा साना उद्योगी हुन्, तिनको प्रवर्द्धन आवश्यक छ । घरेलु तथा साना उद्योगको प्रवर्द्धन भयो भने भ्रष्टाचार पनि कम हुन्छ । समृद्धि पनि आउँछ' उपेन्द्र महतोले भन्नुभयो ।

घरेलु तथा साना उद्योगलाई बैंकबाट ऋण पाउन पनि गाह्रो भएको र यस क्षेत्रमा न्युनतम तलब र उत्पादकत्व अभिवृद्धिमा पनि समस्या भएको शेखर गोल्छाको भनाई छ । नेपालमा उद्योगलाई १५ देखि २० प्रतिशतसम्म संरक्षण भएपनि उत्पादन लागत बढी भएकोले उद्योगहरू प्रतिष्पर्धी बन्न नसकिरहेको गोल्छाको भनाई छ ।

स्थानीय तहमै घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरिनु पर्छ । घरेलु तथा साना उद्योगमा ठूलो जनशक्ति पनि त्यहिं छ । संसारको ६३ प्रतिशत उद्यमशीलता आफ्नै लगानीबाट आरम्भ भएको हो । संसारको ९० प्रतिशत रोजगारी त घरेलु तथा साना उद्योगबाटै प्राप्त भैरहेको छ-परिसंघ उपाध्यक्ष अग्रवालले भन्नुभयो ।

नेतृत्वले नाफा र सम्मान दुबैको आश्वासन दिनु भएको थियो । सम्मेलनमा सबै प्रदेशका मन्त्रीले नछुटाई भनेको बाक्यांश हो- *'हाम्रो प्रदेशमा लगानी गर्नुहोस्, हामी तपाईंहरूको लगानीको सुरक्षा र नाफामा सुनिश्चिता गर्छौं । लगानीकर्ताको लागि रातो कार्पेटले स्वागत गर्न तयार छौं ।*

मन्त्रीहरूले आ-आफ्नो प्रदेशमा तुलनात्मक रूपमा बढी भएको भौगोलिक लाभ, वातावरणीय लाभ, बजार र जनसंख्याको लाभबारे प्रस्तुति दिनु भएको थियो । प्रदेश सरकारहरूले करमा छुट दिने, बैंक ऋणमा केहि प्रतिशत व्याज छुट दिने, श्रम मैत्री वातावरण बनाउने, हड्ताल मुक्त उद्योग क्षेत्रहरू निर्माण गर्ने, उद्योगसम्म सडक, पानी, विजुली जस्ता पूर्वाधार सरकारले बनाईदिने प्रतिवद्धता व्यक्त गरेका छन् । ३ नम्बर प्रदेशका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री अरूण नेपालले उद्योग, जलविद्युत, कृषि, पर्यटन, खानीका क्षेत्र लगानीको लागि प्राथमिकतामा राखेको बताउनुभयो ।

गण्डकी प्रदेशका उद्योग मन्त्री विकास लम्सालले त्यस क्षेत्रमा होटल, रिसोर्ट, होमस्टे, चकलेट उद्योग,

'ठूलो लगानी गर्नु मात्र उद्यमशीलता होइन । साना साना लगानीबाट मुल्य अभिवृद्धि (भ्यालु एड) भईराखेको छ भने त्यो पनि उद्यमशीलता हो' विशाल मिडिया ग्रुपका अध्यक्ष राजेन्द्र केसीको भनाई छ । सांसद महेश बस्नेतले भन्नुभयो-उद्योग गर्नको लागि सबैभन्दा ठूलो समस्या जग्गा प्राप्ति हो । बिजुलीको मिटर जोड्ने देखि पानी, ढल जोड्ने काममा पनि उद्यमीलाई स्थानीय सरकार, स्थानीय समुदायबाट पर्याय सहयोग भएको छैन ।

### लगानीका क्षेत्रहरू

सम्मेलनमा लगानीका क्षेत्रबारे भौगोलिक र बस्तुगत क्षेत्रका आधारमा महत्वपूर्ण वहस भयो । भौगोलिक हिसावले सातै प्रदेश लगानी आकर्षक क्षेत्र देखिन्छन् । सम्बन्धित प्रदेशका सरकारहरू कसरी आफ्नो क्षेत्रमा लगानी आकर्षित गर्ने भनेर गृहकार्यमा लागेको देखिन्छ । सम्मेलनमा लगानीकर्ताले नाफा हुने क्षेत्रमा लगानी गर्न तयार भएको मात्र बताउनु भयो । तर, राजनीतिक स्याउ र स्ट्रबेरीको व्यवसायिक उत्पादन, वाईन उद्योगको सम्भावना राम्रो भएको बताउनु भयो । मुक्तिनाथको पानी बोटलिङ गरेर भारत लगायत विश्वका हिन्दुहरूलाई बेच्न सकिने बताउनु भयो । गण्डगी प्रदेशले अहिले पनि विद्युतमा ६२ प्रतिशत योगदान दिएको चर्चा गर्दै यस प्रदेशमा ३ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिने बताउनु भयो । पर्यटन, कृषि र जडिबुटी उद्योगहरूको प्रवर्द्धन गर्ने लक्ष्यसहित आवश्यक पूर्वाधार निर्माणमा सरकारको ध्यान गएको उहाँले बताउनु भयो ।

कर्णाली प्रदेशका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री नन्दसिंह बुढाले कर्णालीमा जलविद्युत, कृषि, जडिबुटी उत्पादन तथा प्रशोधन, हिमाली जनावर तथा प्राकृतिक स्रोत साधनमा आधारित उद्योगहरूमा लगानी गर्न आग्रह गर्नुभयो । नेपालका ७ प्रदेशमध्ये सबैभन्दा ठूलो भूगोल कर्णाली प्रदेशमा भएको, १५ लाख जनसंख्या भएको, स्वच्छ हावापानी भएको, १० वर्षसम्म कर छुटको





व्यवस्था गर्न लागेकोले यस क्षेत्रमा लगानी गर्न उहाँले आग्रह गर्नुभयो । हिमालमा च्यांग्रा र चौरी पालेर, मासु, चीज र ऊनी उत्पादन गरेर, खनिजमा आधारित उद्योग खोलेर, रारा र फोक्सुण्डो क्षेत्रमा होटल खोलेर उच्च नाफा आर्जन गर्न सकिने उहाँले बताउनु भयो ।

सुदुरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वतावरण मन्त्री माया भट्टले यस क्षेत्रमा घरेलु तथा साना उद्योग, तामा र फलाम खानीमा आधारित ठूला उद्योग, वैद्यनाथ धाममा आधारित धार्मिक पर्यटन प्रवर्द्धनमा आधारित व्यवसाय, जडिबुटीमा आधारित उद्योग, नदीजन्य पदार्थमा आधारित उद्योग, जलविद्युत क्षेत्रमा लगानी गर्दा उच्च नाफा आर्जन गर्न सकिने बताउनु भयो ।

### निर्यातमूलक उद्योगमा जोड

सम्मेलनमा बैदेशिक व्यापार घाटा उच्च भएकोमा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू, राजनीतिक दलका नेता, उद्योगी व्यवसायी सबैले चिन्ता व्यक्त गर्नुभयो ।

### अधिकार क्षेत्रमा विवाद-समाधानमा जोड:

संघीयतापछि केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच अधिकारमा विवाद भएको देखिन्छ । प्रदेश सरकारले आफ्नो प्रदेशमा उद्योग लगाउँदा १० प्रतिशत कर छुट दिन खोजेको, तर केन्द्र सरकारले अनुमति नदिएको, भूमिको अधिकार केन्द्र सरकारमा भएकोले उद्योगका लागि आवश्यक भूमि व्यवस्थापन गर्न केन्द्र सरकारले सहयोग नगरेको जस्तो मुद्दा प्रदेश सरकारका मन्त्रीहरूले उठाउनु भयो ।

संघले प्रदेशलाई अधिकार नदिएको भन्ने आरोप लाग्दा स्थानीय तहहरूले प्रदेशबाट अधिकार नपाएको गुनासो गरेको संघीय सरकारका अर्थमन्त्री डा.युवराज खतिवडाले बताउनु भयो । 'सबै अधिकार तल दिनुपर्छ भन्ने, तर आफ्नो क्षेत्राधिकार घटाउन नहुने प्रवृत्ति छ । ज्ञान बाँडेर बढ्छ, तर अधिकार बाँड्दा घट्छ' मन्त्री खतिवडाले भन्नुभयो ।

अर्थमन्त्री खतिवडाले संघीय कानूनहरू संविधान

उद्योग प्रवर्द्धन गर्ने बानी, आचरण गरेर खोगी संस्कार र प्रवृति हामीले त्याग्नुपर्छ-हरिभक्त शर्माले भन्नुभयो । उत्पादन वृद्धिका लागि पुराना कानुन संशोधन गरी लगानीमैत्री वातावरण बनाउन ढिलाइ भइरहेको उहाँले बताउनुभयो ।

सम्मेलनमा अर्थमन्त्री युवराज खतिवडा र परिसंघका अध्यक्ष हरिभक्त शर्माले नेपालीहरू जग्गामा लगानी गरेर धनी भएको तर्क गर्दै जबसम्म जग्गा किनेबेच छोडेर उद्योगमा लगानी गर्ने र उत्पादन बढाउने वातावरण बन्दैन, उद्योग चलाउनेको इज्जत र सम्मान बृद्धि हुँदैन, तबसम्म वास्तविक उद्यमशीलताको विकास नहुने र आर्थिक विकासमा सहयोग नपुग्नेमा जोड दिनुभयो ।

कुन उद्योग व्यवसायलाई कस्तो जनशक्ति चाहिएको हो, त्यसको लागि आवश्यक रोस्टर बनाउन लागेको, निर्यात व्यापारलाई सहज बनाउने त्रिवेणीधामसम्म पानी जहाज ल्याउने लागिएको, नेपालको पानी, जनताको लगानी अभियान शुरू भएको, ठूला उद्योगहरू नेपालमा स्थापना हुने क्रममा रहेको प्रधानमन्त्री ओलीले बताउनुभयो ।

अनुसार निर्माण भइरहेका, संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारका सूचिहरूको कार्यान्वयन भैसकेको, साझा र एकल अधिकारका विषयमा वादविवाद र बहस गरिरहनु नपर्ने बताउनुभयो । संविधानले जल, जंगल र जमिन, खनिज खानीहरू माथि केन्द्र सरकारकै स्वामित्व राखेको उल्लेख गर्दै सरकारले बाटो देखाउने, नीति नियम बनाउने र लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिरहेको बताउनु भयो । उद्यमशीलता विकासको लागि जमिन व्यवस्थापन, औद्योगिक क्षेत्र निर्माण, सडक, बिजुलीको व्यवस्थापन सरकारले गरिहेको जानकारी दिनुभयो ।

उहाँले औद्योगिक व्यवसाय ऐन संशोधन हुन लागेको र संघ, प्रदेश र स्थानीय तहमा कस्ता कस्ता उद्योग खोल्ने भन्ने प्रष्ट पार्न लागिएको जानकारी दिनुभयो । संस्थागत आयकर, भ्याट लगायतका बिषयमा केन्द्र सरकारको क्षेत्राधिकारमा रहेको, खास क्षेत्रमा सरकारले खास सुविधा दिन सक्ने, भन्सार लगायतका करका दर समायोजन गर्दै लैजाने, नेपाली उद्योग प्रतिष्पर्धी बनाउन संरक्षण गर्ने नीति ल्याउने जानकारी दिनुभयो ।





## कानुनी सुधारमा जोड

प्रधानमन्त्री केपी शर्मा ओलीले एक वर्षमा संविधानअनुसारका धेरै नयाँ कानून निर्माण भएका, सरदर ५ दिनमा एउटा नयाँ विधेयक संसदमा पेश भएको, त्यसमा धेरै कानूनहरू व्यवसायिक वातावरण बनाउने, उद्योग व्यापार प्रवर्द्धनमा सघाउने खालका भएको बताउनुभयो । राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोविन्दराज पोखरेलले विगत १० वर्षमा राजनीतिक संरचना धेरै बने, तर आर्थिक विकासलाई टेवा दिने संरचना निर्माणमा ध्यान नगएको बताउनुभयो । उहाँले २०६४ सालयता १२२ वटा कानून निर्माण गर्ने भए, तर उद्यमशिलता विकासमा सहयोग गर्ने खालका १२ वटा कानून मात्र बनेको जानकारी दिनुभयो । 'संविधानमा नागरिक अधिकार, राजनीतिक अधिकारका कुरा धेरै आए । आर्थिक अधिकारको कुरा कम भयो' डा. पोखरेलले भन्नुभयो ।

सुरक्षित लगानीको वातावरण बनाउन सरकार प्रतिवद्ध छ' प्रधानमन्त्रीको भनाई छ । प्रधानमन्त्रीले जलविद्युत, खानी, आधुनिक खेतीमा लगानी गर्न उद्यमीलाई आग्रह गर्नुभयो । उहाँले औद्योगिकरणका लागि जग्गा एकिकरण गर्ने बताउनुभयो ।

उद्योमन्त्री यादवले मुलुकलाई समृद्ध बनाउन निजी क्षेत्रका उद्योगी व्यवसायी र सरकारबीच सहकार्य र हातेमालो गरेर नै अघि बढ्नु पर्नेमा जोड दिनुभयो । उद्योगमन्त्री यादवले आयातमुखी मानसिकता त्यागेर निर्यातमुखी मानिसकताको विकास नगरेसम्म मुलुकमा उद्यमशीलताको विकास धारणा राख्नुभयो ।

## विकासशील देश बनाउने प्रण

प्रधानमन्त्री ओलीले ५ वर्षमा नेपालको गरिबी १० प्रतिशतमा झार्ने र नेपाल सन् २०३० भित्र दिगो विकास लक्ष्य प्राप्त गरी विकासशील देश बनाउने प्रतिवद्धता व्यक्त

### सरकार र निजी क्षेत्रबीच सहकार्य

प्रधाामन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, अर्थमन्त्री डा. युवराज खतिवडा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृका यादव लगायत सबै सरकारी वक्ताले निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता जनाउनु भएको छ ।

'हामी विकास गरी छाड्ने संकल्पमा छौ । सरकार र निजी क्षेत्र दुबै विकास गरेरै छाड्ने संकल्पमा छौ । के के सुधार गर्नु पर्ने हो, निजी क्षेत्रले ऐनको मस्यौदा बनाएर ल्याओस, हामी छलफल गरेर कानून बनाऊँला' प्रधाममन्त्रीले भन्नुभयो-लगानी बोर्डमा म अध्यक्ष छु । नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्मा सदस्य हुनुहुन्छ । निजी क्षेत्रका अरू प्रतिनिधिहरू पनि बोर्डमा सदस्य हुनुहुन्छ । एउटै टेबुलमा बसेर काम गरिराखेका छु । बाधा व्यवधान आए भने देखाउनुस्, म हटाईदिन्छु भनेकै छु । तर, सरकारले लगानी मैत्री वातावरण बनाएन नभन्नुहोस् ।'

'सुतेका बेला आनन्दले निदाउने र उठेका बेला फुर्ती जाग्ने वातावरण बनाउंछौ । त्रास रहित, अपमान रहित गर्नुभयो । डा. पोखरेलका अनुसार सहश्राब्दी विकास लक्ष्य हासिल गर्न वार्षिक १७ अर्ब अमेरिकी डलर (करिब १८ खर्ब रूपैयाँ) लगानी हुनुपर्छ, तर त्यसअनुसार लगानी आएकै छैन । विदेशी लगानी भित्र्याउने भनेर धेरथोर प्रयास भएपनि नेपालको डुइङ विजनेश इन्डेक्स कमजोर रहेकोले विदेशी लगानी नआएको, स्वदेशी लगानीकर्तालाई उचित प्रोत्साहन नभएको उहाँको भनाई छ ।

पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालले निजी क्षेत्रलाई उपयुक्त हुने, उद्यमीलाई नाफा आर्जन गर्ने बातावरण बनाउन लागेको, सोही अनुसार कानून बनाउदै गरेको बताउनुभयो । 'म र प्रधानमन्त्री केपी शर्मा ओली मिलेर समृद्धिको यात्रालाई गति दिन लागि परेका छौ । तर, कहां गाठो पर्यो हामी हेर्दैछौं' दाहालले भन्नुभयो ।





# आगामी कार्यदिशा

## (Way Forward)

नेपाल उद्योग परिसंघले २०७५ फागुन २ गते आयोजना गरेको **नेपाल उद्यमशीलता सम्मेलन २०१९**' ले महत्वपूर्ण निष्कर्षहरूसहित केही आगामी कार्यदिशा निर्देशन गरेको छ । नेपालमा पहिलो पटक भएको उद्यमशीलता सम्मेलनमा देशका राष्ट्रपति, प्रधानमन्त्री

महासंघका पदाधिकारी, औद्योगिक व्यवसायिक प्रतिष्ठानका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, उद्यमी तथा व्यवसायीहरू, युवा उद्यमीहरू, संचारकर्मीहरू सहभागी मात्र भएनन्, सबैले 'उद्यमीको महत्वबारे' बारे वहस गरे र आर्थिक विकासको लागि उद्यमशीलताको विकास अनिवार्य रहेको

केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री, अर्थमन्त्री, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री, प्रदेश सरकारका मन्त्रीहरू, संघीय सांसद्हरू, प्रदेश सभाका सदस्यहरू, विभिन्न आयोगका पदाधिकारीहरू, मन्त्रालयका सचिवहरू, प्रमुख दलका नेताहरू, पूर्व प्रशासकहरू, नेपाल उद्योग वाणिज्य भावना, सोच र प्रतिवद्धता भए भने दिनभरको प्रस्तुति, छलफलबाट उद्यमशीलताको विकासको लागि आगामी मार्ग चित्र (way Forward) निम्नअनुसार हुनुपर्ने र सरकारबाट यसलाई नीतिगत एवम् कानुनी रूपमा नै व्यवस्था गरी अघि बढ्नुपर्ने धारणा राख्नुभयो ।

१. सम्मेलनमा नेपालमा भएको युवा जनशक्ति नै नेपाली अर्थतन्त्रको इन्जिन भएको सबैले आत्मसाथ गरेका छन् । युवा जनशक्तिलाई नेपालमा नै उद्यमी बनाउने वा उचित रोजगारीको अवसर सिर्जना गर्ने गरी नीति निर्माण गर्नुपर्ने, युवाहरूमा आफ्नै देशको भविष्य राम्रो छ भन्ने सन्देश फैलाउनु पर्ने देखिन्छ ।
२. नेपाली युवालाई उद्यमशीलतामार्फत आर्थिक विकासमा प्रत्यक्ष सहभागी गराउनु पर्ने, उनीहरूमा रहेका ज्ञान, क्षमता, दक्षता र विज्ञतालाई उपयोग गरिनु पर्दछ । युवा जनशक्तिलाई उद्यमी बनाउन सकेमा स्वेदशमा नै रोजगारी सिर्जना गर्ने, रोजगारीको लागि युवाहरू विदेश जानु नपर्ने, स्वदेशमा उत्पादन वृद्धि हुने, आयात प्रतिष्ठापनको साथै निर्यात वृद्धि हुने, वैदेशिक व्यापार घाटालाई सन्तुलनमा ल्याउन सहयोग मिल्नेछ ।
३. जति जोखिम लिन सकियो त्यति नै उद्यमशीलता बनाउन सकिन्छ । त्यसैले हाम्रा विद्यार्थीलाई जोखिम लिन सिकाउनु पर्छ । जोखिम उठाउने हिम्मत नगरेसम्म सफलता आउँदैन र उद्यमशीलता पनि फस्टाउँदैन ।
४. बढी नाफा हुनु, बढी खुशी आर्जन गर्नु हो । जबसम्म हामी नाफामा उत्सव मनाउन सक्दैनौ, व्यवसायीलाई नाफामा उत्सव मनाउने वातावरण दिंदैनौ तबसम्म उद्यमशीलताको विकासका लागि उचित वातावरण भएको मान्न सकिदैन ।
५. राम्रो आम्दानी गर्ने, सुविधा सम्पन्न जीवनशैली अपनाउनेलाई राम्रो नजरले हेरिनु पर्दछ । करदाताको





उच्च सम्मान हुनुपर्छ । ठूला करदाताको पहिचाहन वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ ।
६. राजनीति गर्नेले मन्त्री हुँदा गर्व गरेजस्तै व्यवसाय गर्नेले पैसा कमाएकोमा, धनी भएकोमा गर्व गर्नुपर्छ । साथै, कमाएको पैसा मध्ये केही लोक हितकारी काममा खर्च गर्नुपर्छ ।
७. सफल उद्यमीहरूको नजरमा पनि नेपालमा उद्योग व्यापार गर्न धेरै राम्रो अवसर छ । नेपालीको आयस्तर बढ्दै जानु, उपभोग्य संस्कृति बढ्नु, गरिवी घट्नु, गुणस्तरीय बस्तु तथा सेवा खरिदको लागि नेपालीहरू उच्च मूल्य तिर्न तयार हुनु, २० देखि ४० वर्ष उमेरका ७५ लाख युवा नेपालमा हुनु व्यवसायीहरूको लागि धेरै राम्रा संकेत हुन् । सहयोग गरिरहेको हुँदैन ।
१२. ४५.३ प्रतिशत युवासँग नविनतम सोच छ, तर पैसा छैन । बैकहरूले बिना धितो ऋण दिन गाह्रो मान्छन् । प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल लगायतका वित्तीय औजारको प्रयोग कम भएकोले पनि उद्यमशीलता प्रवर्द्धनमा पूँजीको अभाव देखिन्छ ।
१३. कोरियामा औद्योगिक विकास गर्ने समयमा त्यहाँका बैकले निक्षेपकर्तालाई १२ प्रतिशत व्याज दिएको, तर सरकारी अनुदानमा बैकले उद्यमीलाई ६ प्रतिशत व्याजमा कर्जा प्रवाह गरेको थियो । त्यस्तै नीति नेपालमा आवश्यक छ ।
१४. व्यवसाय गर्न कुनै युवा अगाडि बढ्छ । शुरूमा उसलाई पैसा हुँदैन । जसोतसो पूँजी जुटाएर अगाडि

८. समस्या नै आविस्कारको जननी हो । नेपालमा अलि बढी समस्या छन् र यहां नै धेरै अवसर पनि छन् । अमेरिका र युरोपमा लगानीकर्ताहरूले समस्या, अप्ठ्यारा, चूनौती हुन्छन् । तर कुनै पनि उद्यमीको लागि व्यवसाय गर्न नेपालमा जस्तो राम्रो अवसर विश्वका अरू कुनै पनि देशमा छैन ।

९. दैनिक सरदर ३० वटा कम्पनी दर्ता हुने गरेका रहेछन् । दैनिक ३० वटा नयाँ कम्पनी आउँदा नेपालमा उद्यमशीलताको विकास व्यापक रूपमा हुनुपर्ने हो, तर त्यस्तो देखिदैन । त्यसको मुख्य कारण पूँजीमा पहुँचको कमी र व्यवस्थापकीय ज्ञानको कमीले उद्यमशीलता विकासका बाधाहरू छन् ।

१०. उद्यमी बन्नको लागि पूँजी चाहिन्छ, तर विश्व बैंकको एक रिपोर्टअनुसार नेपालमा १०० रूपैयाँ कर्जा लिन ३६४ प्रतिशत सम्पत्ति धितो राख्नुपर्छ । स्टार्टअप फण्डको विकास भएको छैन ।

११. उद्योगी व्यवसायीहरूलाई नगद अनुदान दिने सवालमा अर्थमन्त्रालय निकै संकुचित छ । पुलिस वा सेनामा ५ हजार दरबन्दी थप्न वा नयाँ नियुक्ती गर्न सरकार सहज बन्छ, तर एउटा उद्योग खोल्न र त्यसबाट रोजगारी सिर्जना गराउन सरकारले बढ्न खोज्यो, उसलाई सरकारी निकायले प्रोत्साहन गर्दैन, निरूत्साहित पार्छ । सरकारी निकायले घुस माग्छ । राम्रो सम्भावनाको उद्योग देख्यो भने सित्तैमा सेयर माग्छ । यस्तो समस्याहरू समाधान गरिनुपर्छ ।

१५. समृद्धिको नारा सबैको मुखमा झुण्डिएको छ । तर, कसरी प्राप्ति हुन्छ भन्ने विषयमा नीति निर्माता र निर्णयकर्ताले पर्याप्त ध्यान दिन सकिरहेका छैनन् ।

१६. प्रधामन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, अर्थमन्त्री डा. युवराज खतिवडा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृका यादव लगायत सबै सरकारी वक्ताले निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता जनाउनु भएको छ । उद्यमशीलतको विकास र आर्थिक समृद्धिमा उहाँहरूको दरिलो संकल्प छ । प्रधानमन्त्री केही शर्मा ओलीले ५ वर्षमा नेपालको गरिबी १० प्रतिशतमा झार्ने र नेपाल २०३० भित्र दिगो विकास लक्ष्य प्राप्त गरी विकासशील देश बनाउने प्रतिवद्धता व्यक्त गर्नु भएको छ ।

१७. सहस्राब्दी विकास लक्ष्य हासिल गर्न वार्षिक १७ अर्ब अमेरिकी डलर (करिब १८ खर्ब रूपैयाँ) लगानी हुनुपर्छ, तर त्यस अनुसार लगानी आएकै छैन । विदेशी लगानी भित्र्न नेपालको डुइङ विजनेश इन्डेक्स (Doing Business) मा सुधार आउन जरूरी छ ।





स्वदेशी लगानीकर्तालाई उचित प्रोत्साहन जरूरी छ ।

१८. संघीयता पछि केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच अधिकारमा विवाद भएको देखिन्छ । प्रदेश सरकारले आफ्नो प्रदेशमा उद्योग लगाउँदा १० प्रतिशत कर छुट दिन खोजेको, तर केन्द्र सरकारले अनुमति नदिएको, भूमिको अधिकार केन्द्र सरकारमा भएकोले उद्योगका लागि आवश्यक भूमि व्यवस्थापन गर्न केन्द्र सरकारले सहयोग नगरेको आवाज प्रदेश सरकारका मन्त्रीहरूले उठाएका छन् ।

१९. 'ज्ञान बाँडेर बढ्छ, तर अधिकार बाँड्दा घट्छ' भन्ने मान्यता केन्द्र सरकारमा देखिन्छ । आफ्नो क्षेत्राधिकार घटाउन नहुने प्रवृत्ति छ । व्यवस्था सरकारले गर्नुपर्ने ।

२५. उद्यमशीलता तथ्यांक बैंक (Entreprenureship Data Bank) यसक्रममा युवा उद्यमीहरूलाई अकर्षित गर्ने नयाँ उपाय हो । यसैले सरकारले डाटा बैंकको स्थापना र सञ्चालन गर्नुपर्ने ।

२३. घरेलु तथा साना उद्योगलाई बैंकबाट ऋण पाउन पनि गाह्रो भएको छ । यस क्षेत्रमा न्युनतम तलब र उत्पादकत्व अभिवृद्धिमा पनि समस्या छ । उनीहरूको बढ्दो लागत घटाउन सरकारले अनुदान दिने नीति लिनुपर्छ ।

२४. संसारको ९० प्रतिशत रोजगारी त घरेलु तथा साना उद्योगबाटै प्राप्त भैरहेको छ । घरेलु तथा

२०. कानुनी सुधारमा सरकार र निजी क्षेत्र सबैले जोड दिएका छन् । विगत १० वर्षमा राजनीतिक संरचना धेरै बने, तर आर्थिक विकासलाई टेवा दिने संरचना निर्माणमा ध्यान नगएको देखिन्छ । २०६४ सालयता १२२ वटा कानुन निर्माण भए, तर उद्यमशिलता विकासमा सहयोग गर्ने खालका १२ वटा कानुन मात्र बनेको देखिन्छ । संविधानमा नागरिक अधिकार, राजनीतिक अधिकारका कुरा धेरै आए । आर्थिक अधिकारको कुरा कम भएको छ ।

२१. सम्मेलनमा घरेलु तथा साना उद्योगको महत्वको धेरै चर्चा भयो । सरकारी अधिकारीहरूले मात्र होइन, ठूलो उद्यमीहरूले पनि साना तथा घरेलु उद्योगलाई प्रवर्द्धन गर्नु पर्नेमा जोड दिनुभयो ।

२२. संसारमा धनी र गरिब बीचको खाडल बढ्दो छ । त्यसलाई पूर्न घरेलु तथा साना उद्योगको प्रवर्द्धन नै महत्वपूर्ण विधि हो ।

२३. उद्यमी बन्न चहानेले सिक्ने अवसर र उचित तालिम लिने र उद्यमशीलता विकासको अभाव नेपालमा छ । यस्ता केन्द्रको स्थापनामा सरकारले नितिगत व्यवस्था र कार्यक्रम गरिनुपर्दछ ।

२४. युवा उद्यमीलाई नयाँ व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने पूँजी र नयाँ प्रविधिको उपलब्धता अर्को समस्या भएकोले पूँजी र नयाँ प्रविधिको नयाँ

साना उद्योगमा जनशक्ति पनि ठूलो छ, संसारको ६३ प्रतिशत उद्यमशीलता आफ्नै लगानीबाट आरम्भ भएको हो । स्थानीय तहमै घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरिनुपर्छ ।

२५. कृषिको व्यवसायिकरण, कृषि, पशुपालन र जडिबुटीमा आधारित उद्योग, खानी उद्योग, जलविद्युत उद्योग, पर्यटन, प्रविधिमा आधारित उद्योगहरू लगानीका प्राथमिकताका क्षेत्र हुन् । यस क्षेत्रमा गर्ने लगानीलाई सरकारले पनि सहयोग गर्छ ।

२६. उद्योग प्रवर्द्धन नगर्ने बानी, आयात गरेर उपभोग गर्ने उभभोगक्तावादी संस्कार र प्रवृति हामीले त्याग्नुपर्छ । अहिले जग्गामा लगानी गरेर धनी बन्ने होडबाजी चलेको छ । यो दीगो विकासका आधार होइन । जबसम्म जग्गा किनेबेच छोडेर उद्योगमा लगानी गर्ने र उत्पादन बढाउने वातावरण बन्दैन, उद्योग चलाउनेको इज्जत र सम्मान बृद्धि हुँदैन, तबसम्म वास्तविक उद्यमशीलताको विकास हुँदैन ।

२७. उद्यमशीलताको विकास र सोचबाट मात्र मुलुकको समुन्नति र रूपान्तरण सम्भव हुने यथार्थतालाई दृष्टिगत गर्दै, यस प्रकारको सम्मेलनलाई निरन्तरता दिनु पर्ने र यस अर्थमा नेपाल सरकारले संघीय र प्रदेश तहमा समेत नीति र कार्यक्रम ल्याउनुपर्ने सम्मेलनको जोड थियो ।





# नेपाल उद्यमशीलता सम्मेलन २०१९

## (Nepal Entrepreneurship Summit 2019)

# (Nepal Entrepreneurship Summit 2019)
# को कार्य विवरण (Proceedings)

## पृष्ठभूमि

गणतन्त्र, संघीयतासहितको नयाँ संविधान जारी भएको, स्थानीय सरकार, प्रदेश सरकार एवं संघीय सरकार निर्माण भई तीनै तहको सरकारले काम थालेको र सरकार, राजनीतिक दलहरू, नागरिक समाज, सञ्चार क्षेत्र लगायत सबै तहबाट उच्चदरको आर्थिक विकासमा जोड दिइरहेको, सरकार, निजी क्षेत्र र बैदेशिक तिनै तहबाट व्यवसायिक लगानीमा जोड दिईरहेको सन्दर्भमा नेपाल उद्योग परिसंघले २०७५ फागुन २ गते **'नेपाल उद्यमशीलता सम्मेलन २०१९**' आयोजना गरेको छ ।

'संघीय नेपालः लगानी र समृद्धिको अवसर' (Federal Nepal; Opportunities for Investment and Growth) परिसंघले आयोजना गरेको यस सम्मेलनलाई नेपाल सरकार, अर्थमन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय समेत आयोजक रहेको यस सम्मेलनमा सह आयोजक विशाल मिडिया समेत सम्मिलित थियो ।

## वृहत उपस्थिति र प्रतिवद्धता

सम्मेलनको समुद्घाटन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नुभयो । सम्मेलनको बीचमा प्रधानमन्त्री तथा नेपाल कम्यूनिष्ट पार्टीको अध्यक्ष खड्गप्रसाद ओलीले विशेष मन्तव्य दिनुभयो । सम्मेलनको समापन पूर्वप्रधानमन्त्री तथा नेपाल कम्यूनिष्ट पार्टीको अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्नुभयो ।

सम्मेलनमा अर्थमन्त्री डा. युवराज खतिवडा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृका यादव, प्रदेश सरकारका मन्त्रीहरू, संघीय संसद्का सांसद्हरू, प्रदेश सभाका सदस्यहरू, विभिन्न आयोगका पदाधिकारीहरू, मन्त्रालयका सचिवहरू, प्रमुख दलको नेताहरू, पूर्व प्रशासकहरू, नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारी, औद्योगिक व्यवसायिक प्रतिष्ठानका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, सातै प्रदेशका उद्यमी तथा व्यवसायीहरू, र युवा उद्यमीहरू, संचारकर्मीहरूको उत्साहजनक उपस्थिति थियो ।

सम्मेलनमा उपस्थिति जति राम्रो थियो, उनीहरूको





सोच, प्रस्तुति र अभिव्यक्ति त्यत्तिकै उत्साहजनक थियो । सबैमा देखिएको सकारात्मक सोच, आर्थिक वृद्धिका लागि उद्यमशीलताको महत्व र उद्यमशीलता विकासमा आफ्नो तर्फबाट गर्न सक्ने योगदानको बारेमा बक्ताहरूले व्यक्त गरेका विचार निकै उपयोगि एवम् सार्थक थियो ।

## उद्घाटन सत्र

राजधानीको होटल याक एण्ड यतिमा नेपाल

लागि युवा जनशक्तिलाई उत्प्रेरित गर्न, लगानीमैत्री वातावरण सिर्जना गर्न र सरकारी सेवालाई संस्थागत र सरलीकरण एवं सुदृढ गर्न व्यवसायिक शिक्षा र तालिमको व्यवस्था गरी उद्यमशीलताबारे राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा अनुभव आदानप्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

उद्यमशीलता विकासले स्वेदशमा नै रोजगारी सिर्जना गर्ने, रोजगारीको लागि युवाहरू विदेश जान नपर्ने, स्वदेशमा उत्पादन वृद्धि हुने, आयात

उद्यमशीलता सम्मेलनको काठमाडौंमा उद्‌घाटन गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीले मुलुकमा नयाँ सोच र जोश भएका युवाहरूलाई उद्यमशीलतामा लाग्न सरकारको तर्फबाट लगानी मैत्री वातावरण बनाउन आवश्यक रहेको बताउनु भएको छ ।

राष्ट्रपति भण्डारीले नेपालमा उद्यमशीलताका प्रतिष्ठापन साथै निर्यात वृद्धि हुने, वैदेशिक व्यापार घाटालाई सन्तुलनमा ल्याउन सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपालमा युवाहरूको संख्या बढिरहेको र त्यो जनशक्तिलाई नेपालमा नै लगानी मैत्री वातावरण बनाउन सकेमा देशले विकासमा छिट्टै फड्को मार्ने







विश्वास उहाँको छ ।

राष्ट्रपति भण्डारीले जस्तै सम्मेलनका धेरै वक्ताले नेपालको विकासको लागि युवा जनशक्तिको महत्व, त्यसको परिचालनमा जोड दिएका थिए ।

सरकारको नारा 'समृद्ध नेपाल र सुखी नेपाली'को अभियानलाई सार्थक बनाउन नेपाली युवालाई उद्यमशीलता मार्फत आर्थिक विकासमा प्रत्यक्ष

र त्यसका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्थाका विषयमा ठोस धारणा तय गर्न पनि सहयोग पुग्ने अध्यक्ष शर्माको धारणा छ । 'वैदेशिक व्यापारघाटामा व्यापक असन्तुलन छ, यसलाई घटाउन सबैले उद्यमशीलतामा जोड दिनुपर्छ' शर्माले जोड दिदै भन्नुभयो-'उद्योग प्रवर्द्धन नगर्ने बानी, आयात गरेर खाने' संस्कार र प्रवृति

सहभागी गराउनु पनि, उनीहरूमा रहेका ज्ञान, क्षमता, दक्षता र विज्ञतालाई उपयोग गर्नुपर्नेमा राष्ट्रपतिको जोड छ । नयाँ सोच र जोश भएका युवाका लागि उचित वातावरण दिन सके नेपाली युवा विश्व बजारमा प्रतिष्पर्धा गर्न सक्षम हुने राष्ट्रपतिको विश्वास छ ।

उद्‌घाटन सत्रमा बोल्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृका यादवले मुलुकलाई समृद्ध बनाउने अभियानमा सहयोग गर्न निजी क्षेत्रका उद्योगीहरूलाई आग्रह गर्नुभयो । उद्योगमन्त्री यादवले आयातमुखी मानसिकता त्यागेर निर्यातमुखी मानिसकताको विकास नगरेसम्म मुलुकमा उद्यमशीलताको विकास नहुने बताउनुभयो । अबको नेपालको अर्थतन्त्र आयातमुखी नभई निर्यातमुखी हुनुपर्ने र व्यापारघाटा कम गर्न उत्पादन बढाउनुको विकल्प नभएको उहाँको भनाई छ ।

मन्त्री यादवले संमृद्व नेपाल र सुखी नेपाली सपना साकार पार्न सरकार निजी क्षेत्रसँग सहकार्य गर्न आतुर भएको, सरकार र व्यवसायी एकजुट भएर देशको आर्थिक विकासमा जोड दिनुपर्नेमा विशेष ध्यान आकृष्ट गर्नुभयो । 'अहिलेको अवस्थामा कोही पनि विभाजित हुनुहुदैंन, सरकार र उद्योगी हातेमालो गरेर नै अघि बढ्नुपर्छ ।'

उद्‌घाटन सत्रको स्वागत मन्तव्य राख्दै नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले युवाहरूलाई उद्यमशीलताप्रति आकर्षित गर्न र युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न सघाउ पुराउने उदेश्यले यो सम्मेलन आयोजना गरिएको स्पष्ट पार्नुभयो ।

सम्मेलनले नेपालमा उद्यम विकास, लगानी हामीले त्याग्नुपर्छ ।

उहांले पुराना कानुन संशोधन गरी लगानीमैत्री वातावरण बनाउन ढिलाइ भइरहेको बताउनु भयो । लगानीको उचित वातावरण बनाउन तीनै तहका सरकार जिम्मेवार र प्रतिबद्ध हुनुपर्ने उहाँको भनाई छ । 'आर्थिक समृद्किा लागि निजी क्षेत्र सरकारसँग हातेमालो गरेर अघि बढ्न तयार छ, तर अझै पनि सुधारका थुप्रै काम बाँकी छन्, विश्वासयोग्य वातावरण बनिसकेको छैन । नेपाललाई कसरी दक्षिण एसियाकै उत्कृष्ट लगानी गन्तव्य बनाउन सकिन्छ ? त्यसतर्फ सबैले सोचौं' शर्माले भन्नुभयो । सो अवसरमा विशाल मिडिया ग्रुपका कार्यकारी प्रमुख विशाल गैरेले भोलिका युवा उद्यमी नै मुलुकको भविष्य निर्माणको आधार भएको यथार्थतामा यस सम्मेलनले युवा उद्यमशीलताको विकासको लागि आगामी खाका कस्तो हुने विषयमा मार्गदर्शन गर्न समेत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।मन्तव्य व्यक्त गर्नु भएको थियो । समुद्‌घाटन सत्रको अन्त्यमा परिसंघका वरिष्ठ उपाध्यक्ष सतिष कुमार मोरले कृतज्ञता ज्ञापन गर्नुभएको थियो ।









# प्रथम सत्रमा प्रस्तुति तथा छलफल

# प्रदेशहरूमा रोजगारी अवसर र लगानीको सुरक्षा

## (Fostering Investment and Job Opportunities)

यस सत्रको अध्यक्षता नेपाल सरकारका अर्थमन्त्री डा. युवराज खतिवडाले गर्नु भएको थियो । सात वटै प्रदेशमा रोजगारी र लगानीको सुरक्षाको विषय राखिएको यस सत्रमा ३ नम्बर प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरूण नेपाल, गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्साल, ५ नम्बर प्रदेशकी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री लिला गिरी, कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री नन्दसिंह बुढा र सुदुरपश्चिम प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माया भट्टले आफ्नो प्रदेशमा लगानी मैत्री वातावरण निर्माण र उद्यमशीलता प्रवर्द्धनमा गरिएका काम र भावी योजना सुनाएका थिए । यस समूहको छलफलमा मोडरेटरको भूमिका सञ्चारकर्मी दिलभूषण पाठकले गरेका थिए ।

प्रदेश तहमा लगानीका अवसर र योजना तथा रोजगारी बढाउने अवसर कसका के छन् ? सम्बन्धित प्रदेशका मन्त्रीहरू र अर्थमन्त्रीले व्यक्ति गरेको विचारका सार संक्षेपः





**अरूण नेपाल**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री



लगानी प्रवर्द्धन र रोजगार अभिवृद्धि आजको साझा एजेण्डा हुन् । ३ नम्बरका हकमा उद्योग क्षेत्रमा लगानी गर्नका लागि सबैभन्दा राम्रो सम्भाव्ययुक्त क्षेत्र हो । भूगोल र अवस्थितिले यसलाई लगानीको महत्वपूर्ण क्षेत्रका रूपमा स्थापित गरिदिएको छ । ठूलो बजार, लगानीका लागि आवश्यक पूर्वाधार राम्रो यहि प्रदेशमा छ । हामी यहाँ अझै लगानी बढाउन चाहान्छौ । रोजगारी अझै बढाउन सकियोस् भन्ने सोचाइ छ ।

यो वर्षलाई **उद्योग वर्ष**का रूपमा घोषणा गरेका छौं । बजेटमा पनि रकम विनियोजन गरेका छौं । बजेट बनाउँदा नै यो प्रदेशका पुराना औद्योगिक क्षेत्र बाहेक प्रदेशको छुट्टै औद्योगिक क्षेत्र बनाउने भन्ने कार्यक्रम छ । औद्योगिक करिडोर बनाउने भनेका छौं । स्थानीय तहसम्म उद्योगग्राम बनाउने भन्ने छ । त्यो भन्दा तल्लो तहमा पनि साना तथा घरेलु उद्योगको प्रवर्द्धन गर्ने भनेर बजेट नै छुट्याएका छौं । स्वदेशी तथा विदेशी लगानीकर्तालाई ३ नम्बर प्रदेशमा आउन आग्रह गरिरहेका छौं । निश्चित प्रकृतिका उद्योगहरू निश्चित क्षेत्रमा खोल्नुपर्छ भन्ने छ ।

प्रदेश करमा छुट दिएका छौं, बैंक ऋणको केहि प्रतिशत व्यहोरी दिने बजेटमै व्यवस्था गरेका छौं । श्रम मैत्री वातावरण बनाउन चाहान्छौं । हड्ताल मुक्त उद्योग क्षेत्रहरू निर्माण गरौं भन्ने छ । प्रदेशको इतिहास छोटो छ । चाहेर पनि धेरै काम गर्न पाईरहेका छैनौं । अनुभव कम छ, कर्मचारी कम छन्, तै पनि काम गरिरहेका छौं । उद्योग, जलविद्युत, कृषि, पर्यटन, खानीका क्षेत्रमा यो अब्बल प्रदेश हो । लगानी गर्नुस्, त्यसको सुरक्षा हामी गर्छौं । अधिकतम प्रतिफलको ग्यारेण्टी गर्नेछौं ।

## चुरे क्षेत्रको संरक्षण

हाम्रो प्रदेशको केही भाग चुरेमा पर्छ । हामी चुरे जोगाउन नसकिए वातावरणमा ठूलो जोखिम आउँछ भन्ने निष्कर्षमा छौं । केन्द्र सरकारले पनि केहि काम गरिरहेको छ । हामीले चुरेको दोहन रोक्ने क्रम आरम्भ गरिसकेका छौं ।


विकास र निर्माणका लागि निर्माणका कच्चा पदार्थ आवश्यक पर्छ । खोलानालाहरू बढ्दैनन् । त्यसकारण निर्माणका लागि आवश्यक कच्चा पदार्थहरूको आपूर्तिका लागि प्रदेशमा छलफल गरिरहेका छौं । पर्यावरणीय हिसाबले कम क्षति हुने कुनै पहाड उत्खनन गरेर २० देखि ४० वर्षसम्म कच्चा पदार्थ निकाल्ने बारे सोचिरहेका छौं । त्यसो गर्दा कच्चा पदार्थ पनि उपलब्ध हुन्छ र त्यसरी निकालिएको ठाउँमा शहर बसाउन पनि सकिन्छ ।





## विकास लम्साल

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री
गण्डकी प्रदेश



हामीले प्रदेशको समृद्धि र विकासका योजना अघि सारेका छौं । हाम्रो प्रदेशलाई केन्द्रले हेर्ने दृष्टिकोणमै फरक छ । प्रदेशमा लगानी गर्न आउनुस्, रातो कार्पेट ओछ्याउन तयार छौं । नाफा नभै लगानी हुन्न, हामी नाफाको सुनिश्चितता गराउँछौं ।

गण्डकी प्रदेशले देशको अर्थतन्त्रको इञ्जिनका रूपमा काम गर्न चाहान्छ । २०२१ जुलाईबाट पोखरा विमानस्थलले दैनिक २० वटा अन्तराष्ट्रिय फ्लाइट गराउँछ । दैनिक ४ हजार विदेशी पर्यटक गण्डकी प्रदेश आउनेछन् ।

४ हजार पर्यटक राख्ने होटल बनाउन आग्रह गर्छौं । होटल, रिसोर्ट, चकलेटमा लगानी गर्नुस् । नेपाली ब्राण्डका चकलेटका लागि उत्कृष्ट दुध उपलब्ध गराउँछौं । नेपालको चकलेट विदेश निर्यात गरौं । मुक्तिनाथको पानी भारत लगेर एक बोतलको ५ सयमा बेच्न सकिन्छ । गण्डकीमा संसारकै फरक स्वाद भएको स्याउ र स्ट्रबेरी पाइन्छ । त्यसलाई उपयोग गर्नुस् । गण्डकी प्रदेशले पनि आगामी एक वर्षभित्र लगानी सम्मेलन गर्दैछ । वाइनदेखि, कृषि, पर्यटनका एक सय परियोजनामा लगानी गर्न सम्मेलन गर्न लागेका हौं । स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्नेछौं ।

हामीले पर्यटनलाई पहिलो प्राथमिकतामा राखेका छौं । कृषि हाम्रो अर्को सबल पक्ष हो । अर्गानिक उत्पादन संसारभर फैलाउन सक्ने सामर्थ्य छ । विद्युतमा अहिले पनि ६२ प्रतिशत योगदान हामीले गरेका छौं । ३ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिने सम्भावना छ । चिनियाँ लगानीकर्ता उत्साहित भएका छन् तर हामी नेपाली लगानीकर्ता नै आउन् भन्ने चाहिरहेका छौं ।

२५ लाख जनसंख्यालाई हामी आफ्नै उत्पादन उपयोग गराउने योजनामा छौं । प्रदेशले अधिकार पाएन, जमिन पाएन अब हामी संघीय सरकारसँग औला ठड्याएर कुरा गर्छौं ।

३ सय होम स्टे बनाएर पर्यटकलाई राख्न खोज्दैछौं । त्यसका लागि ३० करोड लगानी गर्दैछौं । त्यसले संस्कृतिको प्रचार प्रसारमा सघाउँछ । गण्डकी प्रदेश भनेको संसारको स्वर्ग हो । संघीय सरकारले काठमाडौं-पोखरा बाटो बनाएर २ घण्टामा पुग्ने बनाईदिनु पर्छ । भैरहवाबाट आउने बाटो बनाईदिनुपर्छ । कोरलादेखि दुम्किबासको बाटो आफै बनाईदिन्छौं ।

गण्डकी प्रदेशमा २३ अर्ब विदेशी लगानी हुंदैछ । त्यसले धेरै अवसरहरू सिर्जना गर्छ । खाली घडेरीमा मात्रै पैसा किन लगाउनुहुन्छ ? गण्डकी प्रदेशमा लगानी गरेमा नाफाको साथै प्रतिष्ठा पनि आर्जन गर्न सकिन्छ ।



२०५१ सालका स्थानीय निकायमा केहि पैसा

नचाहानेहरूका लागि पञ्चासेदेखि पर्वतको डाँडै डाँडा

गएपछि केहि सडक बनेका थिए । हामीले ८५ वटा स्थानीय तहसम्म सडक लैजाने योजना बनाएका छौं । २ वर्षभित्र कालोपत्रे नै गर्छौ । त्यसले केन्द्रले देखेको ट्रेकिङ रूट मासेको पक्का हो तर यसैपाली २० वटा ट्रेकिङ रूट बनाउँदैछौं । मनास्लु, धौलागिरीमा नयाँ ट्रेकिङ रूट बनाउँछौं । अन्य क्षेत्रमा पनि नयाँ नयाँ ट्रेकिङ रूट बनाउन लागेका हौं । हिमाल जान ट्रेकिङ रूट बनाउँछौं । पोखरा आसपासमा ट्रेकिङ रूट बनाउन लागिरहेका छौं । यसका लागि स्थानीय तहसँग समन्वय गर्न खोजेका छौं । हामीले २०१९ लाई आन्तरिक पर्यटन वर्ष भनेका छौं । २०२० मा चिनियाँ र भारतीय पर्यटक ल्याउँछौं । २०२२ मा २० लाख पर्यटक गण्डकी प्रदेशमा भित्र्याउने योजना छ ।



**नन्दसिंह बुढा**
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री
कर्णाली प्रदेश

कर्णाली प्रदेशका तर्फबाट आफ्ना कुरा उद्योगी व्यवसायीलाई सुनाउन पाउनु ठूलो अवसर हो । हामी गौरव महसुस गरिरहेका छौं । कर्णाली प्रदेशले अहिलेसम्म आफ्नो अथाह प्राकृतिक स्रोत बचाई राखेको छ । अब विकास र समृद्धिको बिगुल फुक्छौं । हिजो कर्णाली प्रदेशबारे सरकारलाई कुनै मतलब थिएन । अब हामी आफैं कर्णाली प्रदेश बनाउन सक्छौं । यार्सा गुम्बाको मात्रै व्यवस्थापन गर्न सकियो, विश्वमा बेच्न सकियो भने अरू केहि चाँहिंदैन, कर्णाली प्रदेश समृद्ध भैहाल्छ । हामीसँग सबथोक छ, तर पनि हामी पछि परेका छौं । १८ हजार मेगावाट विद्युत हामी उत्पादन गर्न सक्छौं । ५ हजार मेगावाट मात्रै उत्पादन गरेर बेच्न सकियो भने ठूलो उपलब्धि हुनेछ । जडिबुटी, प्राकृतिक श्रोत साधन र जनावरहरूको मात्रै प्रवर्द्धन गर्न सकियो भने पनि ठूलो उपलब्धि हासिल हुनेछ ।

नेपालका ७ प्रदेशमध्ये सबैभन्दा ठूलो भूगोल कर्णाली प्रदेशमा छ तर यहाँ १५ लाख मानिस बस्छन् । स्वच्छ हावा पानी छ । यस क्षेत्रमा लगानी गर्न आउनेलाई हामी रातो कार्पेट ओछ्याएर स्वागत गर्छौं । १० वर्षसम्म कर छुटका लागि संघीय सरकारलाई सिफारिस गरेका छौं । संघीय सरकारसँग लडेर भएपनि यो सुविधा उपलब्ध गराउँछौं । न्युन लागतको श्रम हामी कहाँ उपलब्ध छ । सस्तोमा दक्ष कामदार उपलब्ध गराउँछौं ।

कर्णाली प्रदेश जडिबुटीको धनी छ । अब हामी कच्चा पदार्थका रूपमा जडिबुटी निर्यात गर्दैनौं । प्रदेशमै प्रसोधन गरेर मात्रै निर्यात गर्छौं । जडिबुटीको

प्रोजेक्ट बैंक बनाउँदैछौं । लगानी सुरक्षाको ग्यारेन्टी गर्नेछौं । प्रतिफल सुनिश्चित गरिदिन्छौं । कर्णालीका हिमालमा च्यांग्रा र चौरी पालेर नाफा गर्न सकिन्छ । मास, चीज र ऊनी बेच्न सकिन्छ । तल्लो भागमा लगानी गर्न आउनुस्, खनिजहरूका खानी दिन्छौं । रारा र फोक्सुण्डोमा होटल खोल्न पाउने व्यवस्था गर्दैछौं । संघीय सरकारसँग अनुरोध गरिसकेका छौं ।

चीनसँग जोड्ने हिल्सा, दाप्चा र तिलांना नाका केहि बर्षभित्रै जोड्दैछौं । पछि परेको ठाउँमा आएर लगानी गर्नुस्, जनताले पनि सम्मान गर्नेछन् ।



## माया भट्ट

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री
सुदुरपश्चिम प्रदेश

जनतासँग वाचा गरिएका काम गर्न सकिन्छ कि सकिन्न भनेर म एकदमै आत्तिएको छु । एक सरो लुगा लगाउन नसक्नेहरूको संख्या हामी कहाँ धेरै छ । त्यसका लागि औद्योगिक क्षेत्रको विकास आवश्यक छ तर त्यो गर्न सकिरहेका छैनौं । घरेलु तथा साना उद्योगले मात्रै गरिबी अन्त्य गर्न सकिन्न । त्यसकारण औद्योगिकरण अत्यावश्यक छ । मुलुक संघीयतामा गयो, ३ तहको सरकार बन्यो । नागरिकको समस्या र अवसर पहिचान गरेर कार्यक्रम ल्याउन सक्ने सुविधा हामीसँग छ । सबै तह मिलेर सहकार्य, समन्वय र सह अस्थित्वको मर्म अनुसार काम गर्नु पर्छ । लगानी मैत्री वातावरण बनाउनु पर्छ ।

सुदुरपश्चिम प्रदेश भनेको अवसरहरूको खानी हो । चार धाम मध्येको एक वैद्यनाथ धाम यहीं छ । त्यसको पूर्वाधार र प्रचार प्रसारमा थोरै प्रवर्द्धन गर्न सकियो भने पनि ठूलो उपलब्धि हासिल गर्न सकिन्छ । विकास र समृद्धिको नागरिक चाहना पुरा गराउन सरकारले मात्रै सक्दैन । हामीलाई निजी क्षेत्रको साथ अत्यावश्यक छ । निजी क्षेत्र जहां सशक्त हुन्छ, त्यो देश र प्रदेशले मात्रै समृद्धि पाउँछ । सामान्य रोजगारी समेत दिन नसकेर ठूलो युवा जमात थोरै पैसाका लागि भारतमा काम गरिहेका छन् ।

हामीले आफ्नो जडिबुटीमा थोरै प्रयास गर्‍यौं भने ठूलो मात्रामा रोजगारी सृजना गर्न सकिन्छ । त्यसले न्युन मूल्यमा निर्यात भैरहेको जडिबुटीलाई समेत उचित मूल्य प्रदान गर्नेछ । जडिबुटीलाई यतै प्रसोधन गर्ने उद्योग खोल्नुपर्छ । हामी १० करोड लगानीमा जडिबुटी प्रशोधन गर्न स्थापना गर्ने बारे अध्ययन गरिरहेका छौं । निजी क्षेत्रसँग समन्वय गरेर अध्ययन गर्दै लगानी गर्छौं । लगानीको वातावरण बनाउन शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी हाम्रो हो ।

हामीसँग नदीजन्य पदार्थ र गिट्टी ढुंगा निर्यात गरेर संसारलाई सहयोग गर्न सक्ने क्षमता छ । तामा र फलाम खानी थुप्रै छन्, तिनको पनि अध्ययन

गरिरहेका छौं । त्यसमा पनि लगानी गर्न निजी क्षेत्रलाई आग्रह गर्छौं । तीनै तहका सरकारले लगानी मैत्री कानुन बनाउनु पर्छ ।

१० वर्षदेखि अघि नबढेको छेला औद्योगिक क्षेत्रको काम अघि बढाउँदैछौं । वन मन्त्रालयले अवरोध गरेको थियो, हामीले त्यसको गाँठो फुकाउँदैछौं । निजी क्षेत्रलाई तर्के नजरले हेर्ने काम बन्द गर्नुपर्छ । हामी त सहकार्य गरेर सुदुरपश्चिम प्रदेशलाई लगानीको आकर्षक केन्द्र बनाउन प्रतिवद्ध छौं ।

अब चिया खाएर एक घण्टा समय कटाउने दिनको अन्त्य हुनुपर्छ । आफ्ना आयोजना उद्घाटन गर्न पनि भारतीय फुल उपयोग गर्नुपर्ने बाध्यता छ । चिनियाँ, भारतीय र जापानी समानप्रतिको मोह घटाउनुपर्छ । म स्कूले बालक हुँदा पञ्चेश्वर परियोजना बनाउने भन्ने सुनेको अहिले पनि प्रगति भएको छैन । भारतबाट विद्युत किन्नुपर्ने बाध्यता छ । कर छुट गरेर भएपनि रूग्ण उद्योगहरूलाई सञ्चालन गर्नुपर्छ ।



## डा. युवराज खतिवडा
अर्थमन्त्री

वित्तीय संघीयता कार्यान्वयनको ७ महिना मात्रै बितेको छ । यस अवधिमा संघीय कानुनहरू संविधान अनुसार निर्माण गरिरहेका छौं । संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारका सूचिहरूको कार्यान्वयन भैसकेको छ । साझा र एकल अधिकारका विषयमा वादविवाद र बहस गरिरहनु पर्ने अवस्था छैन ।

सबै मन्त्रीहरूले अथाह प्राकृतिक स्रोत र जैविक विविधताको सम्भावना छ भन्नुभयो । त्यसको उपयोगका लागि निजी क्षेत्रसँग समन्वय गर्नुपर्यो भन्ने नै हो । संविधानले जल, जंगल र जमिन, खनिज खानीहरू माथि केन्द्र सरकारकै स्वामित्व राखेको छ । त्यसलाई तल पठाउने हो भने संविधान नै संसोधन गर्नुपर्छ । सरकारले बाटो देखाउने हो, नीति नियम बनाउने हो । लगानी गर्ने निजी क्षेत्रले नै हो ।

सबै काम सरकारले गर्ने होइन । लागत प्रभावकारीताका आधारमा लगानी गर्ने हो । आफ्ना स्रोत साधनलाई बचाएर निजी क्षेत्र आउन नसक्ने ठाउँमा सरकारले लगानी गर्ने हो । धेरै क्षेत्रमा हामी निजी क्षेत्रकै भरमा छौं ।

जमिन व्यवस्थापन, औद्योगिक क्षेत्र निर्माण, सडक, बिजुलीको व्यवस्थापन सरकारले गर्नुपर्छ । त्यसका लागि संघ, प्रदेश र केन्द्रले समन्वय गर्नु पर्छ । म कहाँ छु भन्ने कुराले दृष्टिकोण निर्माणमा

भूमिका खेल्छ । संघले प्रदेशलाई अधिकार नदिएको भन्ने आरोप लाग्दा स्थानीय तहहरूले प्रदेशबाट अधिकार नपाएको गुनासो छ । सबै अधिकार तल दिनुपर्छ भन्ने तर आफ्नो क्षेत्राधिकार घटाउन नहुने प्रवृत्ति छ । ज्ञान बाढेर बढ्छ तर अधिकारी बाढ्दा

घट्छ । उद्योगका लागि कानुन निर्माण गर्ने हो । निजी लगानीको सुरक्षा हो । सम्पतिको अधिकार हो । कर तिरेपछि समाजले स्वीकार गर्ने मुनाफा पाउनुपर्छ ।

औद्योगिक व्यवसाय ऐनको कुरा आएको छ । त्यसलाई संघीय प्रारूपमा लैजाने छौं । संघ, प्रदेश र स्थानीय तहमा कस्ता कस्ता उद्योग खोल्ने भन्ने प्रष्ट गरिएको छ । यसले औद्योगिक वातावरण बनाउँछ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक लगानी प्रवर्द्धन ऐन र लगानी बोर्ड ऐन चाँडै संसदमा पुग्दैछन् ।

हामी एकद्वार प्रणालीबाट उद्योगका लागि अनुमति दिने काम गरिरहेका छौं । लगानी बोर्डबाट पनि एकद्वार प्रणालीबाटै दिने व्यवस्था गरिरहेका छौं । संघका सवालमा पनि एकद्वार प्रणालीबाट काम गर्ने नीति ल्याउनु होला भन्ने सुझाव छ ।

कर छुटका विषयहरू महत्वपूर्ण छन् । कतिपय कर संघीय सरकारले नै असुल्छ । संस्थागत आयकर, भ्याट लगायतका बिषयमा केन्द्र सरकारको क्षेत्राधिकारमा पर्छ । खास क्षेत्रमा सरकारले खास सुविधा दिन सक्छ । रोजगारी सृजना, दुर्गम क्षेत्रमा जाने, प्राकृतिक स्रोतको उपयोग गर्ने उद्योगलाई प्रोत्साहन दिनुपर्छ ।

श्रम, विद्युतका समाधान भएका छन् । ठूला पुर्वाधार आयोजना निर्माणका लागि बैंकहरूको स्रोत जुटाउने क्षमता पनि बढिरहेको छ । ब्याजदरलाई पनि अलिकति प्रेडिक्टेबल बनाउनुपर्ने भएको छ । हेजिङ्गले विदेशी बिनिमियको जोखिम घटाउने हो । विदेशी विनियम सम्बन्धी ऐन पनि संसोधन हुँदैछ ।

भन्सार लगायतका दरमाथि पनि समायोजन गर्दै लैजाने योजना छ । केहि हदसम्म आन्तरिक उद्योगलाई संरक्षण गर्नुपर्छ । हाम्रा उद्योग प्रतिष्पर्धी बनाउन संरक्षण गर्ने नीति ल्याएका छौं । सधै संरक्षण चाँही दिन सक्दैनौं । सात वटै प्रदेश समृद्ध भए भने देश त्यसै समृद्ध हुन्छ । संघले कानुन मात्रै बनाए पुग्छ ।

कसको कुरा कुन कुनामा पुगेर सुन्नुपर्ने हो ? भन्ने प्रश्न छ ।

ब्याजदर, ऐन कानुनका सबै कुरा सुनेकै छु । हरेक हप्ता उद्योगी व्यवसायीको कुरा सुनेको छु । सुन्नुपर्ने कुरा सुनेकै छु । भ्याट फिर्ता, कर छलियो भन्ने कुरा सुन्दिन, बैंकको ब्याज तिर्दिन भन्ने कुरा सुन्नै हुन्न ।

# प्रधानमन्त्रीको विशेष सम्बोधन

नेपाल उद्योग परिसंघले पहिलोपटक आयोजना गरेको उद्यमशीलता सम्मेलन २०१९ लाई प्रधानमन्त्री खड्गप्रसाद ओलीले पनि विशेष महत्व दिनुभयो । पानी जहाज कार्यालयको उद्घाटन, प्रधानमन्त्री स्वारोजगार कार्यक्रमको शुभारम्भ जस्ता महत्वपूर्ण कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओली उद्यमशीलता सम्मेलनलाई १ घण्टा भन्दा बढी समय दिनुभयो । नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले सम्मेलनमा प्रधानमन्त्री ओलीलाई 'देशका सबैभन्दा जुझारू, देशप्रति समर्पित, मृत्युसँग जुधेर देश बनाउन आएका देशप्रेमी, विकास प्रेमी, तथा जनताले आश गरिएका व्यक्तित्व सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूलाई स्वागत छ' भन्दा हलमा निकै उत्साह देखियो ।

'आज धेरैको उद्यमशीलता छाडेर जग्गा जमिन कारोबारमा मात्रै ध्यान गएको छ । आगामी महिना सरकारले लगानी सम्मेलन गर्दैछ । यो उद्यमशीलता सम्मेलनले त्यसमा पनि सहयोग गर्नेछ । हामी सुखी नेपाली समृद्ध नेपालको अभियानमा सामेल हुन् चाहान्छौ, त्यसका लागि सरकारले सहजीकरण गरोस्' अध्यक्ष शर्माको भनाई पछि प्रधानमन्त्री ओलीले निकै उत्साहित हुने आफ्नो विचार राख्नुभयो ।

### प्रधानमन्त्री केपी शर्मा ओलीको मन्तव्यको सार

नेपालको संविधानले सबै नागरिकलाई अवसर, सुरक्षा, सम्मान र अधिकार प्रदान गरेको छ । एक वर्षमा संविधानअनुसारका धेरै नयाँ कानून निर्माण भएका छन् । वर्तमान सरकार गठनपछि सरदर ५ दिनमा एउटा नयाँ विधेयक संसदमा पेश भएको छ । त्यसमा धेरै कानुनहरू व्यवसायिक वातावरण बनाउने, उद्योग व्यापार प्रवर्द्धनमा सघाउने खालका छन् ।

कसैलाई बेरोजगार हुन नदिने रोजगार कार्यक्रम आरम्भ भयो । अब कुन उद्योग व्यवसायलाई कस्तो रोजगार व्यक्ति चाहिएको हो, त्यो उपलब्ध हुन्छ । अनि कसलाई कस्तो जागिर चाहिएको हो त्यो पनि उपलब्ध हुन्छ । मैले आजै मात्र पानी जहाज कार्यालय उद्घाटन गरेको छु । अब पानी जहाज सपना होइन विपना भैसक्यो । त्रिवेणीसम्म भारतले संरचना बनाईसकेको छ । त्यहाँबाट नेपालतर्फ हामी ल्याउँछौ ।

आजै मात्रै जनता जलविद्युत कार्यक्रम अघि बढाईसकेको छु । त्यसको पहिलो सेयर मैले नै खरिद गर्नेछु । फागुन १ गतेलाई रोजगार दिवस घोषणा गर्नुपर्छ । फागुन २ गते नेपालको पानी जनता लगानीको अभियान शुरू भएको छ । त्यो दिन उर्जा दिवस मनाउन सकिन्छ । पानी जहाजको काम पनि आजैबाट अघि बढाएकाले त्यसलाई पनि जोड्न सकिन्छ ।




कुखुराका लागि आवश्यक सबै भ्याक्सिन उत्पादन गर्ने उद्योग काभ्रेको नालामा स्थापना भएको छ । अब कुखुरालाई वर्डफ्ल्युको डर सकियो ।

हामी विकास गरि छाड्ने संकल्पमा छौं । सरकार र निजी क्षेत्र दुबै विकास गरेरै छाड्ने संकल्पमा छौं । के के सुधार गर्नु पर्ने हो निजी क्षेत्रले ऐनको मस्यौदा बनाएर ल्याओस, हामी छलफल गरेर कानुन बनाउँला । कानुन तपाईले नै बनाउनुस् भन्दा पनि लगानी मैत्री वातावरण बनेन भने के गर्दा बन्छ ? लगानी बोर्डमा म अध्यक्ष छु । नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्मा सदस्य हुनुहुन्छ । निजी क्षेत्रका अरू प्रतिनिधिहरू पनि बोर्डमा सदस्य हुनुहुन्छ । एउटै टेबुलमा बसेर काम गरिराखेका छु । बाधा व्यवधान आए भने देखाउनुस् म हटाईदिन्छु भनेकै छु । फेरी पनि सरकार लगानी मैत्री भएन भन्न मिल्छ ?

अब जग्गाको हदबन्दीको कुरा हटाउनुपर्छ । हिजो जमिन्दारीका कारण हदबन्दी तोकिएको थियो । त्यसले जमिन टुक्रा टुक्रा पार्‍यो । अब औद्योगिकरणका लागि जग्गा एकिकरण गर्नु आवश्यक छ । जमिन होइन सबै नागरिकलाई आवास दिनुपर्छ भन्ने मेरो मान्यता छ । व्यवसायमा आवद्ध नागरिकलाई जमिन त्यति धेरै महत्वपूर्ण कुरा होइन । आवास दिए पुग्छ ।

निजी क्षेत्रसँग जीवन्त सहकार्य गर्न तत्पर छौं । आगामी लगानी सम्मेलन पनि यहि कुरामा केन्द्रित रहेर आयोजना गर्न लागेका हौं मार्च २९ र ३० तारिखमा । त्यस लगत्तै इनोभेसन एण्ड रिसर्च समीट पनि आयोजना गर्दैछौं । त्यसले देशलाई आधुनिकिकरण गर्न सघाउँछ । उत्पादनका कार्यमा प्रविधिको उपयोग बिना उत्पादन बढाउन सकिन्न । पुरानो प्रविधिले खेतमा उत्पादन बढाउन पनि सकिन्न । उत्पादन बढाउन उत्पादकत्व बढाउनु पर्छ र त्यसका लागि प्रविधि आवश्यक पर्छ । प्रविधिका लागि इनोभेसन एण्ड रिसर्च आवश्यक पर्छ ।

समाजवादको अपव्याख्या गरेर उल्का भयो । हामी व्यक्तिवाद तिर जाने कि समाजवाद तिर जाने

हो ? लुट मार्गमा जाने कि समाजवादमा जाने ? सीमित व्यक्तिहरूले लुटतन्त्र मच्चाउने देश खोजेको हो कि समृद्ध नेपाल सुखी नेपाली बनाउन खोजेको हो ? यो बिषय गम्भीर बनेको छ । सुरक्षासहितको समृद्धि हामीले ल्याउन खोजेका हौ । सुखी हुनका लागि सुरक्षित पनि हुनुपर्छ ।

सुतेका बेला आनन्दले निदाउने र उठेका बेला फुर्ती जाग्ने वातावरण बनाउँछौ । त्रास रहित, अपमान रहित सुरक्षित लगानीको वातावरण बनाउन सरकार प्रतिवद्ध छ, यसलाई हामीले सुशासनको उन्नत रूप भन्ने गरेका छौ । सामाजिक न्याय सहितको समृद्धि ल्याउन खोजेका हौ । जीडीपी र सरदर आयका आधारमा समृद्धि ल्याउन खोजेका होइनौं । सबै नेपालीले महसुस गर्ने खालको समृद्धि खोजेका हौं । नक्कली, आंशिक र सीमितको हाली मुहाली भएको समृद्धि हामीलाई चाहिंदैन । हामी सिंगो नेपाल र सारा नेपाली समृद्ध भएको हेर्न चाहान्छौं । जीडीपी र प्रतिव्यक्ति आम्दानी बढाएर मात्रै समृद्धि आउने सपना देख्दैनौ ।

हाम्रो अभियान देखेर केहि मान्छे आत्तिएका छन् । मैले तथ्य प्रस्तुत गर्दा गलत तथ्यांक भनियो । म तथ्यांकमा खेल्न चाहान्न । देशले विकास गरेको हुनुपर्छ । समृद्धि हासिल गरेको हुनुपर्छ । हामी नक्कली आंकडामा विश्वास गर्दैनौ ।

६० प्रतिशत सक्रिय जनसंख्या, दुई ठूला बजारबीचको उत्पादनशील देश हो नेपाल । अब यो दुई ढुंगा बीचको तरूल होइन, ठूला दुई बजार बीचको उत्पादनशील देश हो । डाभोसमा सहभागी देश मध्ये एलडीसी(अतिकम विकसित देश)मा म मात्रै रहेछु, बाँकी सबै डिसी(विकासशित देश) रहेछन् । मैले पनि चाँडै डिसी(विकासशित देश) बन्ने घोषणा गरेको छु । २०३० भित्र दिगो विकास लक्ष्य प्राप्त गर्ने योजना हो तर त्यो भन्दा नि अगाडी नै हामी त्यो लक्ष्य पुरा गर्छौ । ५ वर्षमा १० प्रतिशत नेपाली पनि गरिबीको रेखामुनि बस्नु पर्दैन । अपमानजन्य समाजबाट सम्मानजन्य समाजमा जाँदैछौ ।

निजी क्षेत्र र सरकारले सँगै काम गरौ । सरकारले के के गर्नुपर्छ हामी तयार छौ । हामीले समिति नै बनाएर निजी क्षेत्रका कुरा सुनिरहेका छौ । त्यो समितिले सरकारका नीतिहरूलाई लगानी मैत्री बनाउन मद्दत गरोस् ।

यति समृद्ध नेपाललाई गरिब भएर बस्ने छुट छैन । यति धेरै पानी हामीसंग छ तर बिजुली किनेर बाल्नु परिरहेको छ । अब एक बर्षपछि बिजुली किनेर बाल्नु पर्दैन । फलामका खानीहरू छन् तिनको पनि प्रशोधन हुन्छ । हामी चामल र पिठो पनि किनेर खान बानी परेका मान्छे हौ । भारतीय चामलको स्वाद मन पर्न थालेको छ । चामलका सीता लामा मन पर्न थालेका छन् । चामलका सीता लामा हुन् की छोटा के मतलव आफै उत्पादन गरेर खाने नि ।

अब निजी क्षेत्र आयातमुखी व्यवसाय भन्दा उत्पादन र निर्यात मुलक व्यवसायमा लाग्नु पर्छ । ५८ प्रतिशत भन्दा बढी आईरन भएको खानी राम्रो मानिन्छ । हामीसँग ९३ प्रतिशत आईरन छ । तर खानी खोल्न सकेका छैनौं । फलामको किला पनि आयात गर्नुपर्छ । एक किलो आईरन नेपालमा उत्पादन भएन । कपास आयात, चापल आयात, ऊन आयात । कपास खेती गर्ने जमिन छ तर धागो किनेर ल्याईरहेका छौं । यस्तो अवस्थाको अब छिट्टै अन्त्य हुनेछ ।

उद्यमशीलताको विकासबारे भएको यो सम्मेलन समयसापेक्ष छ । यसले सरकारले गर्न लागेको लगानी सम्मेलनलाई सफल बनाउन, फलदायी बनाउन सहयोग हुन्छ । उद्यमशीलतालाई प्रोत्साहन गर्न के गर्नुपर्छ त्यसका लागि सरकार तयार रहेको छ । उद्यमशिलता सम्मेलनबाट आएको निष्कर्ष लिखित रूपमा ल्याउन म आग्रह गर्दछु ।




# दोस्रो सत्रः प्रस्तुति एवं छलफल

# 'उद्यमशीलता विकासको लागि इकोसिस्टम'

## (Developing Entrepreneurial Ecosystem)

दोस्रो सत्रको प्रस्तुति तथा छलफल 'उद्यमशीलता विकासको लागि इकोसिस्टम' (Developing Entrepreneurial Ecosystem) बारे केन्द्रीत थियो । यस छलफलको अध्यक्षता पूर्व अर्थमन्त्री तथा सांसद् नेता सुरेन्द्र पाण्डेले गर्नुभएको थियो । मुख्य वक्ता राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा गोविन्दराज पोखरेल हुनुहुन्थ्यो भने पत्रकार टिकाराम यात्रीले छलफल चलाउनु भएको थियो । यस समूहको छलफलमा पूर्वमन्त्री तथा सांसद् गगन थापा, पूर्व उद्योग मन्त्री तथा संसद महेश बस्नेत, नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा, गैर आवासीय संघको पूर्व अध्यक्ष तथा नेपाल मेडिसिटी अस्पतालका अध्यक्ष उपेन्द्र महतो, नेपाल उद्योग परिसंघको उपाध्यक्ष तथा विशाल ग्रुपका कार्यकारी निर्देशक अनुज अग्रवाल, विशाल मिडिया समूहका अध्यक्ष डा. राजेन्द्र केसी यस छलफलमा वक्ता हुनुहुन्थ्यो ।

### प्रस्तुति र वक्ताहरूको भनाईको सारांश

पूर्व अर्थमन्त्री एवं सांसद सदस्य सुरेन्द्र पाण्डेले सभापतित्व गर्नुभएको यस सत्रको प्रमुख वक्ता (Keynote Addressor) योजना आयोगका पूर्व-उपाध्यक्ष डा. गोविन्द राज पोखरेल हुनुहुन्थ्यो । उहांको संक्षिप्त प्रस्तुति यसप्रकार थियो ।



**डा. गोविन्दराज पोखरेल**
पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

विगत १० वर्षमा राजनीतिक संरचना धेरै बने तर आर्थिक विकासलाई टेवा दिने संरचना निर्माणमा ध्यान गएको छैन । २०६४ सालयता १२२ वटा कानुन निर्माण गर्ने भए तर उद्यमशिलता विकासमा सहयोग गर्ने खालका १२ वटा कानुन मात्र बने ।

संविधानमा नागरिक अधिकार, राजनीतिक अधिकारका कुरा धेरै आए । आर्थिक अधिकारको कुरा कम भयो । प्रधानमन्त्री, मन्त्री, नेताहरूको नाम गाउँगाउँमा सबैले चिन्छन् । तर सबैभन्दा बढी कर तिर्नेको नाम कसैले सुनेको हुँदैन । करदाताको सम्मान र पहिचान भएन ।

सहशताब्दी विकास लक्ष्य हासिल गर्न वार्षिक १७ अर्ब अमेरिकी डलर (करिब १८ खर्ब रूपैयाँ) लगानी हुनुपर्छ तर त्यस अनुसार लगानी आएकै छैन । विदेशी लगानी भित्र्याउने भनेर थोरथोर प्रयास भएका छन् तर नेपालको डुइङ विजनेश इन्डेक्स कमजोर छ । स्वदेशी लगानीकर्तालाई प्रोत्साहित गर्ने, नेपालभित्र उद्यमशीलताको विकास गर्ने तर्फ पहल नै भएन ।

उद्यमशीलताको अवसर राम्रो छ । उपभोग्य कल्चर बढेको छ । गुणस्तरीय बस्तु तथा सेवा खरिदको लागि नेपालीहरू उच्च मूल्य तिर्छन् । नेपालबाट विदेश जाने उडानहरूमा उच्च मूल्यको सामान निर्यात गर्न सकिन्छ । २० देखि ४० वर्ष उमेरका मानिस ७५ लाख युवा नेपालमा छन् । यस्तो युवा जनशक्ति विश्वका कमै मुलुकमा पाइन्छ । नेपालले आफ्नो जनशक्तिको महत्व बुझ्न र त्यसलाई परिचालन गर्न सकेन ।

भनेर निरास भई विदेश गईरहेका छन् भने अर्कोतिर नेपालमा लेबर फोर्स छैन । ट्वाइलेट बनाउनु पर्‍यो भने पनि काम गर्ने मान्छे छैन । सहरी क्षेत्रमा ढल बिग्रियो भने महिना दिनसम्म बन्दैन । किनकी त्यहाँ काम गर्ने जनशक्ति छैन । कामको खोजीमा विदेश जान प्रोत्साहित गर्ने नीति फेर्नुपर्छ ।

विदेशमा गएर फर्केका नेपालीहरू काम गर्नुपर्छ, आम्दानी वृद्धि गर्नुपर्छ भन्ने छ । सुविधा सम्पन्न जीवनशैली हुनुपर्छ भन्ने मानसिकताको विकास भएको छ । यो राम्रो संकेत हो ।

तर नेपाली समाजमा राम्रो आम्दानी गर्ने, सुविधा सम्पन्न जीवनशैली अपनाउनेलाई राम्रो नजरले हेरिदैन । नागरिक समाजमा अलिकति फाइदा हुने कुरा गर्‍यो भने कस्तो व्यापारीको जस्तो सोच भनेर होच्याइन्छ । प्रशासनिक तहमा पनि उद्यमी व्यवसायीलाई हेपेर व्यवहार भएको व्यवसायीहरूले सार्वजनिक रूपमा बोल्दै आएका छन् । के उद्योग

एकातिर युवाहरू नेपालमा केही गर्न सकिदैन

व्यवसाय गर्नु, नाफा कमाउनु गलत काम हो ?





यसअघि अर्थमन्त्रीले उचित नाफाको वातावरण बनाउँछु भन्नुभयो । उचित नाफा भनेको के हो ? नाफाको अगाडि पनि विश्लेषण हुन्छ ? बढी नाफा हुनु, बढी खुशी आर्जन गर्नु हो । जबसम्म हामी नाफामा उत्सव मनाउन सक्दैनौं, व्यवसायीलाई नाफामा उत्सव मनाउने वातावरण दिँदैनौं तबसम्म उद्यमशीलताको विकासका लागि उचित वातावरण भएको मान्न सकिदैन ।

चिकित्सा शिक्षा विधेयक बनाउन मर्यादापालक प्रयोग भयो किन भने त्यहाँ राजनीतिक स्वार्थ थियो । व्यवसाय मैत्री कानुन बनाउनु परेको भए त्यस्तो परिस्थिति आउने थिएन ।

जागिर भन्दा व्यवसाय गर्दा राम्रो भनेर मात्र हुँदैन । उद्यमी बन्नको लागि पुँजी चाहिन्छ । तर विश्व बैंकको एक रिपोर्टअनुसार १०० रूपैयाँ कर्जा लिन ३६४ प्रतिशत सम्पत्ति धितो राख्नुपर्छ । स्टार्टअफ फण्डको विकास भएको छैन । यस्ता धेरै विषयमा सुधार हुनु जरूरी छ ।

## गगन थापा
पूर्वमन्त्री तथा सांसद-नेपाली कांग्रेस



नेपालमा उद्यमशीलताको कुराले नेपालको राजनीतिक, सामाजिक, आर्थिक परिवेसको पनि चित्रण गर्नुपर्छ । अहिले नेपालको राजनीति उत्पादन वृद्धिमा केन्द्रीत छैन । निर्वाचनको समयमा दलहरूले भोट माग्न जाँदा 'हाम्रो दलले निर्वाचन जित्यो भने वृद्ध भत्ता यति बढाउँछु, बेरोगारी भत्ता दिन्छु' भन्छ । त्यसैको आधारमा चुनाव जितेर सत्तामा पुग्छन् । सामाजिक परिवेशको कुरा गर्ने हो भने व्यवसायीलाई दलाल, तस्कर, माफिया भनेर गाली गर्छौ । आर्थिक परिवेश कस्तो छ भने दलहरू सत्तामा पुगेपछि व्यवसाय प्रवर्द्धन गर्न सहयोग गर्ने भन्दा नियन्त्रण गर्न तल्लिन

छन् । व्यवसाय गर्न कुनै युवा अगाडि बढ्यो

नभएको होइन । यत्रतत्र नयाँ नयाँ काम गर्न खोजेको, प्रयास भईरहेको देख्न सकिन्छ । सफलता पाउन उसलाई गाह्रो छ । दैनिक सरदर ३० वटा कम्पनी

शुरूमा उसलाई पैसा हुँदैन । जसोतसो पुँजी जुटाएर अगाडि बढ्न खोज्यो भने उसलाई सरकारी निकायले प्रोत्साहन गर्दैन, निरूत्साहित पार्छ । आईडियाहरू दर्ता हुने गरेका रहेछन् । दैनिक ३० वटा नयाँ कम्पनी आउँदा नेपालमा उद्यमशीलताको विकास व्यापक रूपमा हुनुपर्ने हो तर त्यस्तो देखिदैन ।





जुन दिनसम्म नेपाली समाजमा मुनाफा कमाउनु अपराध हो, पाप हो भन्ने मान्यता स्थापित हुन्छ तबसम्म देश बन्दैन् । यहाँको हावापानी, पर्यटकीय सम्भावना, जलस्रोतको सम्भावना, कृषि उद्योग सबै क्षेत्रमा विकासको सम्भावना धेरै छन् । यी सबै स्रोतको दोहन र परिचालन गर्न जनशक्ति चाहिन्छ । नेपालको ठूलो शक्ति भनेको यहाँ युवा जनशक्ति हो ।

## महेश बस्नेत

पूर्वमन्त्री तथा सांसद, नेपाल कम्यूनिष्ट पार्टी



विगतमा अन्धाधुन्ध उदारिकरण र भद्दा प्रकृतिको निजीकरणले नेपालको आर्थिक विकास सहज रूपमा भएन । निजी क्षेत्र पनि यसबाट ग्रसित भएको छ । शसस्त्र द्वन्द्वको कारण पनि उद्यमशीलता विकासमा अवरोध देखियो । चन्दा आतंक र श्रम क्षेत्रबाट आएको समस्या ठूलो थियो, त्यो विस्तारै हल भएको छ । अहिले एउटा उद्योग गर्नको लागि सबैभन्दा ठूलो समस्या जग्गा प्राप्ति हो । बिजुलीको मिटर जोड्ने देखि पानी, ढल जोड्ने काममा पनि उद्यमीलाई स्थानीय सरकार, स्थानीय समुदायबाट प्रयाप्त सहयोग भएको छैन । उद्योगी व्यवसायीहरूलाई नगद अनुदान दिने सवालमा अर्थमन्त्रालय निकै कन्जरभेटिभ छ । पुलिस वा सेनामा ५ हजार दरबन्दी थप्न वा नयाँ नियुक्ती गर्न सरकार सहज बन्छ तर एउटा उद्योग खोल्न र त्यसबाट रोजगारी सिर्जना गराउन सरकारले सहयोग गरिरहेको हुँदैन । उद्योग दर्ता गर्न जाँदा कर्मचारीले, सरकारका मान्छेले कि सित्तैमा सेयर माग्छन् कि सोझै पैसा माग्छन् । त्यस्तै, स्वदेशी वस्तुको उपयोग निर्देशिकाको प्रयोगमा जोड दिनुपर्छ । ऐन कानुनबाट धेरै बाधा छैन । प्रशासनिक तर्फबाट

किसानले यति किलोको फर्सी फलायो भनेर फेसबुकमा सेयर गरेर किसानको छोरो फुर्सदमा बसिरहेको छ । किसानले खेतमा काम गर्ने मान्छे पाएन, उसकै छोरो काम भएन भनेर फुर्सदमा बसिरहेको छ । उद्यमी व्यवसायीलाई सम्मान गर्ने वातावरण बनाउनुपर्छ ।

हुने झन्झट हटाउनेतर्फ हामीले जोड दिनुपर्छ ।

स्कुल खोल्न, खेल मैदान बनाउन, बाटो माग्न, पुल माग्न मान्छे आउँछन् । तर उद्योग खोल्न जमिन चाहियो भन्ने सोच नै हामीसँग छैन । अष्ट्रेलियाका







## उपेन्द्र महतो

प्रबन्ध निर्देशक-नेपाल मेडिसिटी अस्पताल

अमेरिका र युरोपमा पनि समृद्धिकै कुरा हुन्छ । हामी पनि समृद्धिको कुरा गरिरहेका छौ । अमेरिका र यूरापमा हुने यस्ता वहस कार्यक्रममा पनि थुप्रै समस्या सुनाईन्छ । लगानीकर्ताहरूले समस्या, अप्ठ्यारा, चूनौतीको कुरा सुनाउँछन् । नेपालमा पनि यस्तै कुरा आउँछन् । फरक के मात्र हो भने विकसित देशका समस्या र हाम्रो जस्तो देशको समस्या फरक फरक हुन्छ । मैले धेरै देश घुमेको छु । धेरै देशमा व्यवसाय पनि गरेको छु र म दावाका साथ भन्छु 'नेपालमा जस्तो व्यवसाय गर्नको लागि राम्रो अवसर विश्वका अरू कुनै पनि देशमा छैन ।' नेपालको समस्या के हो भने राजनीतिमा जस्तै व्यवसायीमा पनि विरोध गर्ने संस्कार बढेको छ । राजनीतिमा विरोध स्वभाविक हो, यो उसको गुण हो । तर व्यवसायमा विरोध राम्रो होइन । व्याजदर घटाउनुपर्छ भनेर व्यवसायीहरू विरोधमा आएका छन् । यो गलत हो । अहिले सरकारले व्याजदर घटाउन हस्तक्षेप गर्‍यो भने अर्को समूहले फेरी विरोध गर्छ कि निक्षेपको व्याजदर बढाउनुपर्छ ।

व्यवसाय गर्नेले दुईटा कुरामा ध्यान दिनुपर्छ । पहिलो पैसा कमाएकोमा, धनी भएकोमा गर्व गर्नुहोस् । चन्दा माग्छ भनेर पैसा कमाएको छैन भन्ने होइन । राजनीति गर्नेले मन्त्री हुँदा गर्व गर्ने तर व्यवसाय

अस्पताल खोलें । ३ वर्षभित्र नेपालबाट कोही पनि उपचारका लागि विदेश जानु पर्दैन । त्यसकारण व्यवहारिक रूपमै समृद्धिका पक्षमा लाग्नु पर्‍यो । अहिले संसारको ठूलो समस्या भनेको धनी र गरिब बीचको खाडल नै हो । त्यसलाई पुर्नका लागि घरेलु तथा साना उद्योगको प्रवर्द्धन नै महत्वपूर्ण हतियार हो । आज पनि ठूला उद्योगीको नाफा दैनिक बढिरहेकै छन् । समस्यामा परेका घरेलु तथा साना उद्योगी हुन तिनको प्रवर्द्धन आवश्यक छ । घरेलु तथा साना उद्योगको प्रवर्द्धन भयो भने भ्रष्टाचार पनि कम हुन्छ । समृद्धि पनि आउँछ ।

नेपालमा सबै उद्यमी छन्, बिजनेश म्यान छैनन् । बिजनेश म्यान हुन सिल्भर स्पुन लिएर आउनुपर्छ, हामी

गर्नेले पैसा कमाउँदा गर्व नगर्ने हुन सक्दैन । दोस्रो, व्यवसायीहरूले प्रतिस्पर्धामा विरोध गर्दा सहि तरिकाबाट विरोध हुन्छ । अब विरोधको मात्रा घटाउनुपर्छ । कामको गति बढाउनुपर्छ । भ्रष्टाचार घटाउनुपर्छ । लगानीको सम्भावना अधिक बढी छ ।

म मेडिकल डाक्टर होइन तै पनि मेडिसिटी चै आफैंले सिल्भर स्पुन बनाएका हौं । नयाँ पुस्ताले हाम्रो काम गर्छ कि गर्दैन भन्ने चिन्ता छ । साथसाथै म के पनि भन्न चाहान्छु भने पैसा कमाएपछि सामाजिक काममा पनि केहि खर्च गर्नै पर्छ । हामीले जुन समाजमा कमाएका छौं त्यो समाजको हितका लागि केही खर्च गर्नैपर्छ ।







## शेखर गोल्छा

वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ

नेपालमा व्यवसाय गर्ने अवसर धेरै छन् । गरिबी ४० प्रतिशतबाट २४ प्रतिशतमा झरेको छ । यसको अर्थ उपभोग्य संस्कार बढेको छ । उत्पादित बस्तु तथा सेवाको बजार ठूलो भएको छ ।

विश्वमा नेपालीहरूको औषत आयु संसारको कम छ । युवा जनशक्ति छन् । काम गर्न सकिन्छ । त्यस्तै, नेपालमा जैविक तथा वातावरणीय विविधता छ । यहाँ उच्च मूल्यका कृषि तथा जडिबुटी उत्पादन गर्न सकिन्छ । पर्यटन क्षेत्र निकै धेरै सम्भावना भएको क्षेत्र हो । पूर्वाधार निर्माणमा धेरै काम गर्न सकिन्छ ।

हामी सबैले चाहेको समृद्धि हो तर त्यसको बाटो सहज छैन । नेपालमा उद्योगलाई १५ देखि २० प्रतिशतसम्म संरक्षण छ । तैपनि हाम्रा उद्योगहरू प्रतिष्पर्धी बन्न सकिरहेका छैनन् । त्यसको कारण भनेको कस्ट अफ प्रडक्सन नै हो । चिनीमा ठूलो राजनीति छ । हाम्रो चिनीको उत्पादन लागत बढि छ । के हामी हिम्मत गर्न सक्छौं चिनी आयात रोकेर केहि महंगो भएपनि स्वदेशी चिनी नै उपयोग गर्ने वातावरण बनाउन ?

भारतमा भन्दा नेपालमा सिमेन्ट ७० प्रतिशतसम्म महंगो छ, त्यसको कारण भनेको उत्पादन लागत बढि हुनु नै हो । घरेलु तथा साना उद्योगको प्रवर्द्धनले मात्रै दिगो समृद्धि आउँछ । बैंकबाट सहुलियत ब्याजमा ऋण चाहिन्छ नयाँ उद्यमीलाई । घरेलु तथा साना उद्योगलाई न्युनतम तलब र उत्पादकत्व अभिवृद्धि समस्या हो ।



**अनुजकुमार अग्रवाल**
उपाध्यक्ष, नेपाल उद्योग परिसंघ

हामीले नेपालमा ५० वर्ष काम गरेको अनुभव छ । यो देशमा लगानी र व्यवसायको सम्भावना धेरै राम्रो छ । जहाँ समस्या छ त्यहाँ व्यवसाय गर्न धेरै अवसर छन् । हामी कहाँ बाटो छैन त बाटो बनाउने अवसर छ । जहाँ उद्योग छैन, त्यहाँ उद्योग खोल्ने अवसर हुन्छ । बाटो छ, उद्योग छ, सबैतिर राम्रो छ त्यसमा के काम गर्ने ? समस्या नै आविस्कारको जननी हो । जहाँ समस्या बढी छ त्यहाँ अवसर पनि बढी हुन्छ ।

सरकारले यो गरेन, त्यो गरेन भन्ने व्यक्ति उद्यमी नै होइन । सरकारको नियम अनुसार लगानी गर्नुपर्छ । टोलटोलमा, गाउँ गाउँमा वस्तु तथा सेवा उत्पादनमा एउटा एउटा फोकस गर्ने हो भने उत्पादन वृद्धि धेरै बढ्छ । सरकारले भौगोलिक रूपमा उत्पादनलाई प्राथमिकता दिने हो भने धेरै हुन्छ ।

सरकारको नीतिका कारण नेपालमा अहिलेसम्म उद्यमशीलता विकास नभएको होइन । नीतिले उद्यमशीलतालाई खासै प्रभावित गर्दैन । जहाँ समस्या हुन्छ, त्यहाँ नै अवसर हुन्छ । बत्ती नहुँदा पनि हामीले

फेरि पनि तिनको विकास भैरहेकै छ ।

स्थानीय तहमै घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्ने यो राम्रो अवसर हो । सबैभन्दा कमजोर तर सम्भावना भएको क्षेत्र घरेलु तथा साना उद्योग नै हो । जनशक्ति पनि ठुलो त्यहिँ छ । संसारको ६३ प्रतिशत उद्यमशीलता आफ्नै लगानीबाट आरम्भ भएको हो । संसारको ९० प्रतिशत रोजगारी त घरेलु तथा साना उद्योगबाटै प्राप्त भैरहेको छ । स्थानीय तहले आफ्नो विशेषता हेरेर रणनीति बनायो भने अर्थतन्त्रलाई ठूलै


अवसर देखेर जलविद्युतमा लगानी गरेका हौं । घरेलु तथा साना उद्योगीका कुरा सुन्ने कुनै निकाय छैन

अवसर प्राप्त हुनेछ ।





**डा. राजेन्द्र केसी,**
अध्यक्ष-विशाल मिडिया ग्रुप



ठूलो लगानी गर्नु मात्र उद्यमशीलता होइन । साना साना लगानीबाट भ्यालु एड भईराखेको छ भने त्यो पनि उद्यमशीलता हो । हामी सबैले इमानदारीताका साथ काम गर्नुपर्छ । सरकार आफैमा पोलिसी बनाउने निकाय हो । कानुनी राज चलाउने, नियमन गर्ने निकाय हो । राम्रो नियमन र सुशासन दिएर निजी क्षेत्रलाई राम्रोसँग काम गर्ने अवसर दिनुपर्छ ।

म नकारात्मक कुरा राख्न चाहान्न, विश्लेषण मात्रै गर्छु । यहाँ सरकार आफै काम गरिरहेको छ । निजी क्षेत्रले गर्नुपर्ने काम सरकार आफैले गरिरहेको छ । शिक्षा, स्वास्थ्य, उद्योग जस्ता सबै ठाउँमा सोचे जस्तो भैरहेको छैन । ३० वटा देश घुमें, धेरै अवसर भएको देश नेपाल मात्रै हो । हिमाल, पहाड, तराईको राम्रो हावापानी पनि हामीसँगै छ । यसको सदुपयोग गर्नु पर्छ ।

तर यहाँ भ्रष्टाचार बढिरहेको छ । महत्वपूर्ण जिम्मेवारीमा बसेकाहरू जेल गईरहेका छन् । आज

सबै काम गर्न नसक्ने उमेरमा पुगेपछि स्वदेश फर्किए भने के हुन्छ ?

यत्रो सम्भावना भएको देशमा २ करोड नागरिकलाई रोजगारी दिन नसक्ने पनि कहिं हुन्छ ? सरकार, निजी क्षेत्र साँझेदारीको विकल्प छैन अहिले । युवाहरू प्रमाणपत्र बोकेर हिडिरहेका छन् तर जागिरको अवसर छैन । विश्वविद्यालयहरूले पनि अहिलेको करिकलम बदल्नपर्छ । अहिलेकै जस्तो डाक्टर

लाइसेन्स राज मच्चाईएको छ । बैंक, बीमा, सहकारी, स्कूल, अस्पताल खोल्न नपाउने अवस्था छ । राम्रा उद्यमी आए भने नयाँ स्कूल, कलेज, अस्पताल, बीमा वा बैंक खोल्न पाउने कि नपाउने ?

म त भन्छु, सरकार आफैंले काम गर्ने होइन । काम गर्छु भन्नेहरूलाई सहयोग गर्ने हो । काम गर्न सक्ने अवस्थाका ६० लाख युवा विदेशमा छन् । ती

शिक्षक, वकिल, इञ्जिनियरहरूको अब काम छैन । एक सय वर्ष पुराना पाठ्यक्रमले अब काम गर्दैन । अब सहकारी, पर्यटन, उर्जाका पाठ्यक्रम बनाउनुपर्छ । यसरी अघि बढियो भने मात्रै देश बनाउन सकिन्छ ।





## सुरेन्द्र पाण्डे

पूर्व अर्थमन्त्री, सांसद-नेपाल कम्यूनिष्ट पार्टी



चीनका सबैभन्दा धनी व्यक्ति ज्याक्माले भनेका छन्- बाँदरको अगाडि केरा र पैसा फालिदियो भने बाँदरले केरा टिप्छ, पैसा टिप्दैन । बाँदरलाई यो थाहा हुँदैन कि त्यो पैसाले धेरै केरा किन्न सकिन्छ । मलाई लाग्छ जागिर खानु केरा टिप्नु जस्तै हो भने उद्यमी गर्नु पैसा टिप्नु हो । रोजगारी खोज्नेले कम पैसा कमाउँछ । उद्यमीले बढी पैसा कमाउँछ । त्यसैले जागिर खोज्न भन्दा आँफै व्यवसाय सञ्चालन गर्ने तर्फ लाग्न म युवा पुस्तालाई सुझाव दिन्छु ।

सरकारले अर्थतन्त्रका सवालमा विशेष निर्णय गर्नुपर्छ । दक्षिण कोरियामा १९६० मा पुराना नोट लिएर त्यसको साटो नयाँ नोट दिइएको रहेछ । त्यसपछि निश्चित उद्योग व्यवसायलाई सहुलियत दिएको थियो । कोरियामा औद्योगिक विकास गर्न निक्षेपकर्तालाई १२ प्रतिशत दिएको हुन्छ भने उद्यमीलाई ६ प्रतिशतमा कर्जा प्रवाह गरिएको

जरूरी छ । केही हस्तक्षेपकारी निर्णय जरूरी छ ।

यस छलफल कार्यक्रम चितवन युवा उद्यमी मञ्चको डाइरेक्टर मोहनचन्द्र पोखरेल, साना तथा मझौला उद्योगी रिता भण्डारी, नेपाल विकास अनुसन्धान परिषदका नवराज खतिवडा, नवलपरासीका दिपेश कडरिया, चितवनका यज्ञप्रसाद उप्रेति, शिक्षा

थियो । उक्त ब्याज अन्तरमा रहेको नोक्सानी सरकारले बेहोरेको थियो । अमेरिकामा पनि १९४५ देखि १९७० सम्मको अमेरिकी अर्थतन्त्रको गोल्डेन समय रहेछ । सरकारले विशेष सहयोगको नीति लिएको थियो । नेपालमा पनि त्यसरी नै उदियमान उद्योग व्यवसायलाई विशेष सहुलियत दिनुपर्छ । जुलुस, आन्दोलन र गाली गलौजमा डाक्टर धेरै छन् । माइनसेट परिवर्तन गर्नुपर्छ । कानुनी सुधार

उद्यमी आरबी अधिकारी, सुशील ढुंगानी लगायतले आफ्नो विचारसहित प्रश्नहरू राखेका थिए ।








# उद्यमशीलताको सोच र लगानी स्रोतबीचको अन्तर

## (Bridging the gap between Idea and Funding)

उद्यमशीलताको सोच र लगानी स्रोतबीचको अन्तर (Bridging the gap between Idea and Funding) कार्य

उद्यमशीलताको उपाय र लगानी प्रतिबीचको अन्तर (Bridging the gap between Idea and Funding) कसरी कम गर्न सकिन्छ भन्ने विषयमा भएको समूहगत छलफलमा अर्थमन्त्रालयका सहसचिव मधु मरासैनीले अध्यक्षता गर्नु भएको थियो । द्यगकष्लभकक इहथनभल बलम तजभ म्बाँभि क्तयचथ का प्रवन्ध निर्देशक सिद्धान्तराज पाण्डेले मूख्य वक्ताको रूपमा आफ्नो भनाई राख्नु भएको थियो । यस छलफलमा श्री एयरलाईन्सका प्रबन्ध निर्देशन सुधीर मित्तल, गैरआवासीय नेपाली संघको अध्यक्ष भवन भट्ट, विजनेश अक्सिजनका प्रबन्ध निर्देशक सिद्धान्तराज पाण्डे, राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष माधव ढुंगेल, डिएफआईडीका प्राइभेट सेक्टर एडभाईजर रवि रायमाझी, ट्र्यु नर्थ एशोसिएटस्, इक्विटी फण्ड एण्ड फूडमाण्डूका कार्यकारी निर्देशक सुमन जोशी बक्ता थिए । कार्यक्रम सञ्चालन कृति पन्थले गर्नु भएको थियो ।







**सुधीर मित्तल**
प्रबन्ध निर्देशक, श्री एयरलाईन्स प्रा.लि.



**सिद्धान्तराज पाण्डे**
प्रबन्ध निर्देशक, विजनेश अक्सिजन एण्ड डल्ले स्टोर

हाम्रो विद्यार्थीलाई जोखिम वहन गर्न सिकाउनु

४५.३ प्रतिशत युवासँग नयाँ आइडीया छ तर

पर्छ । जति जोखिम लिन सकियो त्यति नै उद्यमशीलता बढाउन सकिन्छ । हाम्रो देशमा धेरै राम्रा जनशक्ति रहेका छन् । उनीहरूलाई सफल परिचालन नै हाम्रो चुनौती हो । हामीले जोखिम उठाउन नसक्नु नै ठूलो समस्या हो । जोखिम उठाउने हिम्मत नगरेसम्म सफलता आउँदैन र उद्यमशीलता पनि फस्टाउँदैन । ९ वटा लगानी फेल भएर १०औं लगानी सफल हुने मात्रै होइन, त्यसले ९ वटाको नोक्सानी पनि परिपूर्ति गर्न सक्छ । त्यसका लागि हामी तयार हुनुपर्छ । हामीसँग उर्जाशील जनशक्ति छ । त्यसको उपयोग अनिवार्य सर्त हो ।

पैसा छैन । उद्यमशीलता र समृद्धि सबैको मुखमा झुण्डिएको छ । तर त्यस अनुसारको अनुसन्धान भएको छैन । वित्तीय पहुँच साह्रै कम छ । सरकारले ल्याएको सात प्रकारको सहुलियतपूर्ण ब्याज कर्जाको कार्यक्रमले वित्तीय श्रोत उपलब्ध गराउन ठूलो भूमिका खेल्छ । बैंक तथा वित्तीय संस्थाहरूले उद्यमशीलता प्रवर्द्धनमा विशेष भूमिका खेल्नुपर्छ । नयाँ आइडीयालाई फण्डिंग गर्नुपर्छ ।

नेपालमा सीपको अभावमा शुरू भएको व्यवसाय पनि बन्द गरेर युवाहरू नैराश्यता बोकेर विदेश जान बाध्य भैरहेका छन् । ५ लाख ४० हजार भन्दा बढी नेपाली युवा पसिना बगाउन विदेश जान्छन् । तीमध्ये अधिकांश अदक्ष हुन्छन् । तीमध्ये दैनिक ३ देखि ४ जनासम्मको लास नेपाल भित्रिन्छ । यस्तो अवस्थाबाट कसरी मुलुकलाई माथि ल्याउने भनेर राष्ट्रिय स्तरको पहल जरूरी छ ।







**भवन भट्ट**
अध्यक्ष, गैर आवासीय नेपाली संघ

एनआरएन मार्फत पुंजी कलेक्सनको काम भैरहेको छ । उनीहरू ठूलो अर्थतन्त्र भएको राष्ट्रमा बसिरहेका गरेको पुंजी र सीपलाई नेपालको विकास र समृद्धिमा लगानी हामी प्रतिवद्ध छौं ।

एनआरएनए भनेका विदेशमा बसेका हुन् । उनीहरू उद्यमशीलतासँग जोडिएका छन् । उनीहरूसँग उद्यमशीलताको संस्कृति छ । सबै जसो स्वरोजगार छन् । हामी एकिकृत पूंजी संकलन गरेर काम गर्ने प्रयास गरिरहेका छौं । कम्तिमा पनि ३० देशसँग विप्पा लगायतका सम्झौता गरिसक्नु उपयुक्त हुन्छ । नेपालमा राजनीतिक जोखिम अन्त्य भएको छ भन्ने सन्देश विदेशमा स्थापित भैसकेको छ ।

हामीसँग ठूलो अवसरका रूपमा चीन र भारतको बजार छ । हाम्रै आफ्नो बजार पनि

छन् । त्यसैले उनीहरू निकै सचेत रहेका छन् । फण्ड कलेक्शन गरी जुनसुकै देशमा लगानी गर्न सकिन्छ । नेपाल त हाम्रो आफ्नै देश हो । विदेशमा आर्जन

राम्रो छ । एनआरएनहरूले फण्डको उपलब्धता र उद्यमशीलता प्रवर्द्धनको संस्कृति बढाउन ठूलो योगदान दिन सक्छन् ।









**रवि रायमाझी**

**सुमन जोशी**

प्राइभेट सेक्टर एडभाईजर, डिएफआईडी

कार्यकारी निर्देशक-ट्रु नर्थ एशोसिएट्स्
इक्विटी फण्ड एण्ड फूडमाण्डू

देशको विकासमा निजी क्षेत्रले रचनात्मक भूमिका खेल्न सक्छ । सन्तुलित इकोसिस्टम नै आजको आवश्यकता हो । देशको विकासमा सरकारले सहजीकरण गर्ने हो । लगानीको काम निजी क्षेत्रले गर्नुपर्छ । देशलाई विकास चाहिएको छ । युवालाई रोजगारी चाहिएको छ । सरकारले पनि स्वरोजगारका कार्यक्रम ल्याएको छ । यसको सफलताले उद्यमशीलता विकासमा पनि ठूलो महत्व राख्छ । उद्यमशिलता प्रर्वद्धनमा फण्ड उपलब्धता अनिवार्य सर्त हो । नेपालको उद्यमशीलता प्रवर्द्धन र वित्तीय श्रोत उपलब्धताका लागि निजी क्षेत्र नै प्रमुख अंग हो । डिफिडले मुलतः उद्यमशीलता प्रवर्द्धनमा सघाउँदै आएको छ । प्राइभेट इक्विटी फण्ड र भेञ्चर क्यापिटलका लागि पनि हामी सहयोग गर्छौं । यसले उद्योग स्थापना र प्रवर्द्धनमा ठूलो भूमिका खेल्न सक्छ । उद्यमशीलता प्रवर्द्धनमा सरकारका निकायहरूको पनि ठूलो भूमिका हुन्छ ।

धितोमा आधारित ऋण र अरू वित्तीय उपकरण मार्फत ऋण दिने विकल्पबारे स्पष्ट हुनुपर्छ । उद्यमशीलता प्रवर्द्धनका लागि वित्तीय पहुँच अनिवार्य हुन्छ । बैंकहरूले धितोबिना ऋण दिन गाह्रो मान्छन् । त्यसकारण वित्तीय पहुंचका अन्य विकल्पहरूका बारेमा पनि सोच्नु आवश्यक छ । प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल लगायतका टुल्स प्रयोग गरेर वित्तीय पहुँच उपलब्ध गराउन सकिन्छ । उद्यमशीलता प्रवर्द्धनमा नयाँ नयाँ वित्तीय उपकरणहरूको खोजी आवश्यक छ ।







**मधु मरासिनी**
सह-सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

सरकारले पनि यसमा सघाउनुपर्छ । निजी क्षेत्र र सरकारको सहकार्य पनि हुन सक्छ ।

सरकारले म काम गरिरहेको छु भन्छ तर निजी क्षेत्र काममा बाधा नै बाधा छ भन्ने कुरा गर्छ । अमेरिकासँग टिफा सम्झौता गरेका थियौं तर त्यसको उपयोग गर्न सकिएन । विदेशमा हाम्रो के उत्पादन बिक्छ सो विषयमा ध्यान दिनुपर्छ । रिसर्च गरेका कुराहरू नेपालीमा आउनु पर्यो खाली अंग्रेजीमा लेखिएका अनुसन्धान रिपोर्टहरूले काम

उद्यमशीलता भनेको बिजनेश हो र त्यो भनेको जोखिम बहन गर्नु हो । भियतनामको विकासमा गैर आवासीयहरूको ठूलो योगदान छ । नेपालमा पनि एनआरएनहरूसँग ठूलो योगदान हुने सरकारको विश्वास छ ।

सिरानी मुनी पैसा राख्दा हामी निदाउँछौं । पश्चिमाहरू ऋण भएन भने निदाउँदैनन् । ऋणको फाइल सिरानी मुनी राखेपछि मात्रै उनीहरू निदाउँछन् । सिरानी मुनी पैसा राखेर धनी भइन्न । सिरानी मुनीको पैसा लगानी गरेर मात्रै धनी भइन्छ । हामी सिरानी मुनीको पैसा निकाल्न मार्चमा लगानी सम्मेलन गर्न लागेका हौं । सम्मेलन अघि फिटा, औद्योगिक व्यवसाय ऐन ल्याउँछौं ।

सरकारको तर्फबाट अनुसन्धानमा लगानी गरिरहेका छैनौं । अनुसन्धानको लागि केहि प्रतिशत छुट्याउनु पर्छ । उद्यमशीलताको अनुसन्धानमा हामीले कामै गरेका रहेनछौं । अनुसन्धानमा निजी क्षेत्रले पनि नाफाको केहि प्रतिशत छुट्याओस् भन्ने अनुरोध छ । गर्दैनन् । नेपालीमा तयार पारिएका समाग्रीले मात्रै लक्षित वर्गसम्म काम गर्छ ।

सरकारले ब्याज अनुदानको कार्यक्रम ल्याएको छ । यो भनेकै उद्यमशीलता प्रवर्द्धनको अभियान हो । शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखेर ऋण लिन पाउने सुबिधा छ । यसरी नै हो उद्यमशीलता प्रवर्द्धन हुने । सरकारले ल्याएका यस्ता कार्यक्रमको व्यापक प्रचार प्रसारका लागि निजी क्षेत्रले पनि सहयोग गरोस् ।

च्यालेञ्ज फण्डको २ वर्ष प्रयास गरियो । अहिले अध्ययन गरिरहेका छौं । स्टार्ट अफ फण्ड पनि ल्याउँदैछौं । अमेरिकाले धेरै सामानमा भन्सार छुट दिईरहेको छ । निजी क्षेत्रले त्यसको उपयोगका लागि पनि तुलनात्मक काम गरेन । ७५ वटा उत्पादनको प्रवर्द्धन भएन । हामी के बेच्न सक्छौं त्यहि मात्रै बेच्ने हो । पाकिस्तानको फुटबल बिक्छ, बंगलादेशको गार्मेन्ट बिक्छ । हाम्रो के बिक्छ त्यो खोजेर ल्याऔं । नयाँ ऐनहरू ल्याउँदैछौं, लगानी सम्मेलन गर्दैछौं । उद्यमशीलता प्रवर्द्धन गरेर निजी क्षेत्रसँग सहकार्य गर्छ ।







# चौथो सत्रः सफलताका गाथाहरू

# परिवर्तनको नेतृत्व

## (Journey to Success : Lead to Change)

चौथो चरणमा केही सफल उद्यमीहरूको सफलताको कथा (Journey to Success : Lead to Change) प्रस्तुत गरिएको थियो । यस चरणमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीले सभापतित्व गरेका थिए भने कार्यक्रम विशाल ग्रुपका प्रमुख कार्यकारी अधिकृत विशाल गैरेले गरेको थिए । यस प्रस्तुतिमा सफल उद्यमीहरूको बारेमा संक्षेपमा श्रव्यदृश्य प्रस्तुत गरिएको थियो । प्रस्तुत छ सफल उद्यमीहरूले व्यक्त गरेको संस्मरणको सार:







### वीरेन्द्रराज पाण्डे

प्रबन्ध निर्देशक, नेपाल आदर्श निर्माण सेवा

आनन्द कुटी, सिद्धार्थ बनस्थली हुंदै अस्कलमा पढें । त्यसपछि भारतबाट सिभिल इञ्जिनियर भएँ । बुवाले शुरू गर्नु भएको व्यवसायलाई अघि बढाउनु थियो । त्यो सम्हाँले । हिंसाको समयमा असुरक्षित ठाउँमा पनि काम गर्नुपर्ने अवस्था थियो । सुरक्षाको ठूलो चुनौती थियो । क्यास फ्लोको समस्या पनि



भोग्नु परेको थियो ।

मैले २०४८ सालदेखि नै निर्माण व्यवसायी महासंघमा काम गरेको हुँ । २० देश सहभागी रहेको निर्माण व्यवसायीको संस्थामा नेपाललाई प्रतिनिधित्व गरिरहेको छु । उद्यमीले आफ्नो उद्यमको प्रवर्द्धनलाई पहिलो प्राथमिकता दिनुपर्छ । त्यसपछि समग्र उद्योग क्षेत्रमा ध्यान दिनुपर्छ ।

हामीले दोस्रो पुस्ताका निर्माण व्यवसायीका लागि युथ कन्ट्याक्टरहरूको एसोसियसन बनाएका छौं । म चाँही मुलतः निर्माण व्यवसायमै मात्रै सहभागी छु । त्यो बाहेक रोटरीमा २००३ देखि सहभागी रहेको छु । यसले बिजनेशमा इथिक्स कायम राख्न सघाउँछ । घरबाट बाहिर निस्केपछि अवसरै अवसर छ । हामीलाई ठूलो दक्ष जनशक्तिको आवश्यकता छ । सरकारले प्रतिवद्धता पनि व्यक्त गरेको छ विकास र समृद्धिको ।







## हेमराज ढकाल

कार्यकारी निर्देशक, आईएमई ग्रुप

मेरो जन्म बागुलङमा भएको हो र बागलुङमै स्कुल पढें । काठमाडौंमा आईएस्सी पढियो । दाई चन्द्रप्रसाद ढकाल बैंकमा जागिरे हुनुहुन्थ्यो । त्यहि बेला ग्रोसरी पसल खोल्यौं । म राम्रो पढ्थे । अमेरिका जाने सपना थियो । तर अमेरिकाले भिसा दिएन ।

त्यसपछि म जापान गएँ । ३ वर्षसम्म जापानमा १८ घण्टा काम गरेँ ।

त्यति बेला २० हजार नेपाली जापानमा थिए । जापानी भाषा राम्रो भएकाले बैंकमा गएर नेपाल पैसा पठाउने दोभासेको काम गर्थें । त्यहिंबाट रेमिट्यान्स व्यवसाय गर्ने सोँच आयो । १९९८ मा आईएमई खोल्ने प्रक्रिया अघि बढ्यो । तर जापानमा रेमिट्यान्स बिजनेशको लागि अनुमति पाइएन । २००१ देखि मलेसिया र नेपालमा रेमिटेन्सको कारोबार गर्ने लाइसेन्स पाइयो ।

मलेसियामै बसेर आईमएईको व्यवसाय विस्तार गरेको हुं । डिस होम, चन्द्रागिरी जस्ता उद्यमको सोच मैले विदेशमा काम गर्दा बनाएको हुं ।



हामीले टिम वर्कमा विश्वास गरेका हौ । व्यवसाय विस्तार गर्दै जाँदा हामीले व्यवस्थापन छाड्यौ । व्यवसायीक समूहलाई जिम्मेवारी दियौ । यसले नै सफलता बढाएको हो । जुन क्षेत्रमा हामीले लगानी गर्‍यौ त्यो नेपालका लागि नयाँ हुन्थ्यो । हामी मौजुदा बजारमा होइन, नयाँ बजार बनाउन सधैं लागि पर्‍यौं । त्यसले हामीलाई सफलता दिएको छ ।







**सिपी शर्मा,**
प्रमुख कार्यकारी अधिकृत, अष्ट्रिच फार्म

कुरा ल्याउँदा चुनौतीका पहाड थिए । कानुनहरू बाध थिए । ८ वर्षसम्म व्यवसाय नोक्सानी मै थियो । गत वर्षदेखि केहि हदसम्म नाफामा गएको छ ।



म बाग्लुडमा जन्मिएको हुँ । २०४९ सालमा रसिया पढ्दा युक्रेन गएको थिएँ । त्यहाँ अष्ट्रिचको फार्म देखें । त्यसपछि जीवनले अर्कै मोड लियो । शुरूमा अष्ट्रिच फार्म खोल्दा जोखिम नै थियो । बिरालो बाँधेर श्राद्ध गर्ने हाम्रो समाज हो । नयाँ

देशभर २८ वटा फार्म विस्तार गरिसकेका छौं । हिजो घाँस किन्नुपर्ने अवस्था थियो । अहिले किसानहरूले तयार पारेको घाँसले पुग्छ । ८० प्रतिशत पैसा मासुबाट आईरहेको छ । अरू प्रडक्टको बजार अझै विस्तार हुन सकिरहेको छैन् । लागत बढि परेको छ । २९ जना मास्टर्स पढिरहेका युवाहरू इन्टर्न गरिरहेका छन् । पिएचडी पढेकाहरू हामीसँग इन्टर्न गरिरहेका छन् । हामी यसका अन्य आयामहरूलाई पनि व्यवसायिक बनाउने प्रयासमा छौं ।





**अम्बिका शर्मा लामिछाने,**
सञ्चालक, प्रभु बैंक लिमिटेड



म टोखामा प्रधानपञ्चको घरमा जन्मिएको मान्छे हुँ । पाँच घण्टा हिँडेर दरबार हाईस्कूल पढ्न आउँथे

पहिले । त्यतिबेला पिरियड हुनु भन्दा अघि नै विवाह गर्नुपर्छ भन्ने मान्यता थियो । एसएलसी दिएपछि १४ वर्षको उमेरमै विवाह भयो । १८ वर्षको उमेरमै २ सन्तान जन्मिए । पहिलो सन्तान छोरी भयो । फेरी छोरा जन्मियो । साउनको महिनामा बाटोमै छोरा जन्माए गल्कोपाखामा ।

बाटोमै छोरा जन्मिएपछि टिचिंडमा गए । डा. शसी शर्माकी श्रीमतीले सहयोग गरिन् । परिवारमा समस्या आएपछि सुत्केरी बस्न टोखा गएँ । घरमा धेरै समस्या आए । त्यसपछि ५० रूपैयाँ बोकेर मर्न भनेर पोखरा हिडेको थिएँ । मुग्लिनमा पुगे, मासु भात खाए, पोखराको डेभिड फल्समा हाम फाल्न खोज्दा छोरीको अनुहार देखैं । अनि फर्केर आउने निधो गरैं । तर फर्कन पैसा थिएन ।

खलासीले दया गरेर मुडामा राखेर सित्तैमा काठमाडौ ल्याईदियो । मुडामै बसेर २ बजे काठमाडौ आईपुगेँ । हिडेर टोखा पुंगे विहान ५ बजे । आमाले कुट्नु भयो । अनि म संघर्षमा लागे ।

आमाले खेत बेचेर २० हजार रूपैयां दिनुभयो । कलेज पढ्न थालैं । भवन भट्ट र गगन थापा मेरो कक्षाका सहकर्मी थिए । ल फर्ममा काम गर्थे, बच्चा



बिरामी थियो । ल फर्मको हाकिमले १० मिनेट ढिला आउँदा गाली गर्यो ।

जागिर छाडेर आफै काम गर्न थाले । छविराज ओभाले तपाई जे पनि गर्न सक्नु हुन्छ भनेर उत्प्रेरणा दिनुभयो । मैले आशा इन्टरनेशनल कम्पनी ५ लाख २० हजार तिरेर लाइसेन्स लिएँ । मैले २ वर्षमा ५ लाख जम्मा गरेको थिएँ । २००१ मा आशा इन्टरनेशनल खोलैं । कतार गएँ, मार्केटिंग गरैं । त्यहाँबाट राम्रो कमाई भयो । त्यसपछि मैले वित्तीय क्षेत्रमा लगानी गर्न थाले । लगानीलाई विविधिकरण गर्दै गए । यसरी म सफल भएँ ।





## सतिस कुमार मोर

अध्यक्ष, लक्की ग्रुप अफ कम्पनी




म वीरगञ्जमा जन्मेको हुँ । शुरूमा हामीले टायरको व्यापार थालेका थियौं । पछि विभिन्न वस्तुको व्यापार हुँदै सेवाको क्षेत्रमा लगानी विस्तार गर्‍यौं । राज्यलाई पनि केही योगदान गर्ने काम गर्नु पर्छ भनेर हामीले २०६१/६२ बाट हेटौडामा सिमेन्ट उद्योग खोल्ने काम शुरू गर्‍यौं ।

त्यतिबेला माओवादीको फोन आउने बित्तिकै डराउनु पर्ने अवस्था थियो । प्रचण्ड प्रधानमन्त्री भएको बेलामा एउटा कार्यक्रममा भेट्ने मौका मिल्यो । मैले उहाँसँग उद्योग खोल्न लागेको तर बिजुली जोडन नसकेको, सडक नबनेको, माओवादी कार्यकर्ताले चन्दा मागेर दुःख दिएको कुरा सुनाए । सरकारसँग केही सहयोगको अपेक्षा रहेको सुनाए ।

उहाँले आफनो सहयोगीलाई तत्काल भनेर समय मिलाउन भन्नुभयो । भोलिपल्ट समय मिल्यो । हामीले प्रधानमन्त्रीलाई भेटेर आफ्ना कुरा राख्यौं । उहाँले तत्कालिन अर्थमन्त्री डा. बाबुराम भट्टराईलाई भेट्न भन्नुभयो । समय पनि प्रधानमन्त्री कार्यलयबाट कुरा गरेर मिलाईदिनु भयो ।

हामीले अर्थमन्त्री बाबुराम भट्टराईलाई भेट्यौ । उहाँले हाम्रो प्रस्तावलाई निकै महत्व दिएर सुन्नुभयो । केही दिनमा उहाँले बजेट ल्याउनु भयो ।



त्यस बजेटमा शिवम् उद्योगसम्म पुग्ने मोटर बाटो र बिजुलीको लागि योजना राखिदिनुभयो ।

बजेटमा उल्लेख भएअनुसार काम पनि भयो । उद्योग सफल भयो । शिवम् सिमेन्टसँगको साझेदारीमा होङ्सी सिमेन्ट उद्योग खुल्यो । सरकारले थोरै सहयोग गर्‍यो, उद्योगका लागि पूर्वाधार भने उद्योगको विकास हुन्छ । उद्यमीहरू जन्मन्छन् । हामी निरन्तर लगानी वृद्धि गरिरहेका छौं । अनेक उतार चढावकाबीच आंशिक सफलता पाईरहेका छौ । सहि उद्देश्य र सहि सौंचका लागि काम गरियो भने अवश्य सफल भइन्छ ।



## अनिल केशरी शाह

प्रमुख कार्यकारी अधिकृत, नबिल बैंक लिमिटेड





नेपाल गरिब र सानो देश होइन । देश विकास गर्ने मानव जनशक्तिले हो । यो सानो देशमा ठूलो स्रोत साधन छ । खाडी बनाउने नेपाली नै हुन् । पसिना बगाउन सक्छौ । हामीसंग बुद्धि पनि छ । परिवर्तनको आरम्भ केबल आफैबाट गरौ । आफू फोहर नफाल्ने मात्रै होइन, अरूले फालेको फोहर पनि टिपेर डष्टबिनमा फालौ । अनिल शाह जस्तो मान्छे यो देशलाई चाहिएको होइन । जब सिकर होइन, जब क्रियटर चाहिएको छ देशलाई । म कहाँ रेजुमी (बायोडाटा) बोकेर जागिर माग्न नआउनुस् । प्रोजेक्ट बोकेर ऋण माग्न आउनुस् । म उहाँहरूलाई सम्मान गर्छु ।



**महाप्रसाद अधिकारी**
प्रमुख कार्यकारी अधिकृत, नेपाल लगानी बोर्ड

सरकारले लगानी सम्मेलन गर्दैछ । यस्ता समिटहरूहले उद्यमशीलताको विकास गर्न सघाउँछ । नेपाल सरकारले चैत १५ र १६ गते लगानी सम्मेलन गर्दैछ । कानुनी र नीतिगत सुधारका प्रयास सम्मेलन अघि नै सम्पन्न हुनेछन् । फास्ट ट्याकमा कानुनहरू आउँदैछन् । कानुन संसोधनका प्रक्रियामा राय प्रतिक्रिया चाहियो । त्यसका लागि सरकारले सघाउँछ । यो देश यस्तै अवस्थामा रहँदैन । सुधारका प्रक्रियाहरू द्रुतगतिमा अघि बढेका छन् । संसारमा भएका बेष्ट प्राक्टिसहरूलाई ल्याउन सरकार प्रयत्न गरिरहेको छ । सरकारको नेतृत्वले असल नियतले काम गरिरहेको छ । बिजनेशमा आइडिया ल्याउनुस् । बैंकले पैसा दिन्छन्, सरकारले पनि सघाउँछ । सरकार निजी क्षेत्रसँग सक्रिय सहभागीताका लागि प्रतिवद्ध छ ।





# समापन समारोह

उद्यमशीलता सम्मेलन २०१९ को समापन पूर्व प्रधानमन्त्री तथा नेकपाको अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले

अनुभवी । समापन समारोहमा प्रचण्ड, अर्थमन्त्री डा. युवराज खतिवडा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मात्रिका यादव, कर्णाली प्रदेश योजना आयोगको उपाध्यक्ष डा. पुण्यप्रसाद रेग्मी, नेपाल उद्योग परिसंघको अध्यक्ष हरिभक्त शर्माले मन्तव्य राखेको थिए भने परिसंघका उपाध्यक्ष कृष्णप्रसाद अधिकारीले धन्यवाद दिए । प्रस्तुत छ समापन समारोहका बक्ताहरूले व्यक्त गरेका विचारको सार :

## हरिभक्त शर्मा

अध्यक्ष, नेपाल उद्योग परिसंघ



नेपालमा पहिलो पटक आयोजना भएको उद्यमशीलता शिखर सम्मेलन सफल भयो । राष्ट्रपति, प्रधानमन्त्री, पूर्व प्रधानमन्त्री, मन्त्रीहरू, प्रदेश मन्त्रीहरू, सांसदहरू, उद्यमी व्यवसायहरूको सक्रिय सहभागिता, उत्साहजनक मन्तव्य र उद्यमीहरूलाई उत्प्रेरित गर्ने गरि आएका प्रतिवद्धताले हामीलाई उत्साहित बनाएको छ । उद्यमी सम्मेलनले नेपालमा उद्यम व्यवसाय गर्न नेपालीलाई प्रोत्साहित गरेको छ ।

हामी चाहान्छौ विश्व बजारको अध्ययन गरेर उचित कानुन बनोस् । पुराना कानुनहरू समय सापेक्ष परिमार्जन हुन् । विगत ७० वर्षदेखि आयात जारी छ । आयात गरेर खाऔं । उद्योग बन्द गरौ । जग्गा उद्योग मात्र मौलायो । किन्ने र बेच्नेहरूले उच्च आर्थिक उन्नति हासिल गरे । उद्योग चलाउनेहरू पछि परे । यस्तो अवस्था अन्त्य हुने नीति सरकारले लियोस् । राजनीति परिवर्तन भयो । राजनीतिक नेतत्वले ठूलो त्याग गर्‍यो । अब १५/२० वर्षमा देश समृद्ध बनाउने प्रतिवद्ध हौ । नेपाल सरकारले नीति बनाउने क्रममा आवश्यक सुझाव दिन निजी क्षेत्र सक्षम छ । सरकारको नीति निजी क्षेत्रलाई लगानी गर्न प्रेरित हुनुपर्ने छ ।

नेपालीहरूले अब मागेर खादैनन्, हामी काम गरेर खान सक्छौ भनेर म पूर्व प्रधानमन्त्री प्रचण्ड समक्ष भन्न चाहान्छु । हामीलाई लाग्छ निजी क्षेत्र र सरकार हातेमालो गरेर सँगसँगै जानुपर्छ । हाम्रो सुझावलाई गहनताका साथ लिनुहुनेछ भन्ने विश्वास लिएको छु । म यहाँबाट बाहिर निस्कींदा नयाँ सोचको विकास गर्न सकुँ । सबैमा धन्यवाद ।





## डा. पुण्यप्रसाद रेग्मी
उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग



आर्थिक विकासको लागि लगानी बढाउनुपर्छ । जतिबेला लगानी बढेको छ त्यतिबेला आर्थिक वृद्धि उच्च हुन्छ । लगानीको कुरा गर्दा डाँडामा, पानीमा, खानीमा धेरै सम्भावना छ । समथर जमिनमा मात्र होइन, पहाडमा पनि विकासको सम्भावना खोजी गरौं । अनुसन्धानमा सरकारले लगानी बढाउनुपर्छ । योजना बैंक बनाउनुपर्छ ।

राष्ट्रिय योजना आयोग २५ वर्षे योजना बनाउन लागि परेका छौं । प्रत्येक प्रदेश पञ्चवर्षे योजना बनाउन लागिरहेका छौं । हाम्रो आर्थिक क्षेत्रलाई हेर्ने हो भने हामी परम्परागत तरिकाबाट होइन । नयाँ प्रयोगले अघि बढ्नु पर्छ । एक प्रदेश र अर्को प्रदेशको समन्वय गर्नु पर्ने देखिन्छ । भेरी बबई डाइभर्सन छ । यो ५ र ६ प्रदेश बीच तालमेल मिलाउनु पर्ने अवस्था रहेको छ । १८ हजार मेगावाट क्षमता भएको कर्णाली प्रदेशमा अहिले ४ मेगावाट विद्युत पनि उत्पादन भएको छैन । म आर्थिक क्षेत्रको प्रध्यापक हुँ । तर उद्यमीको प्रध्यापक तपाईहरू हुनुहुन्छ । हामीले स्थानीय तहलाई बलियो बनाउनु पर्छ । छानो मात्र बलियो बनाएर हुँदैन जग बलियो बनाउनु पर्छ । केन्द्र सरकार बलियो भयो, गाउँपालिका, नगरपालिका कमजोर भए भने संघीयताको भावनाअनुसार विकास हुन सक्दैन । अहिले प्रधानमन्त्री रोजगार सञ्चालन गर्ने सरकारको तयारी छ । यो कार्यक्रम सफल भयो भने कार्यक्रम निकै सकारात्मक हुनेछ ।

कनेक्टीभीटी पहिलो प्राथमिकता हो । हामीले काठमाडौंबाट २ घण्टामा पोखरा पुग्ने वातावरण बनाउनु पर्छ । हामी सेन्सर सर्भे २०१९ मा गर्दैछौं । यो २०१९ मै ल्याउन सकिएन । नयाँ डाटामा काम गर्न सकिन्छ । नयाँ उद्योग खुल्न सहयोग पुग्ने छ ।



**डा. युवराज खतिवडा**
अर्थमन्त्री

पूर्वाधार जन्य व्यवसाय व्याज वृद्धिले समस्या भएको छ । बैंकहरूले आन्तरिक ऋण, बैदेशिक ऋण लिने व्यवस्था छ । अब बैंकहरूले कहिले ६ प्रतिशत कहिले १६ प्रतिशत बनाउने काम बन्द गर्नुहोस् भनेर बैंकिङ समुदायलाई भनेको छु ।

राजश्व प्रणालीमा धेरै परिवर्तन गरिरहेका छौं । विश्वमा उत्पादित बस्तु डम्फिङ बन्द गरेका छौ । आन्तरिक उत्पादनमा जोड दिएका छौ । राजश्व गुमेपनि हामीले केही आयातमा कडा गर्दैछौं ।

आईटीबेस क्षेत्रमा राम्रो भएको छ । केही सोफेस्टिकेटेड उद्योग आएका छन् । श्रमको सम्मान बढ्दो छ । उचित ज्याला दिन सबै तयार हुनुपर्छ । उद्यमशिलता सम्मेलनले दिएको सुझावलाई सरकारले मनन गर्नेछ ।

उद्यमशिलता अरूले विकास गर्ने होइन । आफै निर्माण हुन्छ । आँट आफैले गर्ने हो । सरकारले वातावरण बनाउनु पर्छ । शिक्षा प्रविधिमैत्री हुनुपर्छ । माध्यमिक तहको शिक्षामा सीपयुक्त शिक्षा दिंदैछौं । उनीहरू स्कूल पढ्ने विद्यार्थीहरू इन्टर्न गर्न उद्योगहरूमा जाने प्रवन्ध गर्दैछौं । शिक्षालाई नै उद्यमशीलता तर्फ केन्द्रित बनाउनुपर्छ । २०३० मा हामीले प्राविधिक शिक्षालाई ७० प्रतिशत बनाउने लक्ष्य लिएका छौं । सबै जोखिम उद्यमीले लिनु पर्दैन । सरकारले जोखिम कम गर्न काम थालेको छ । बीमा व्यवस्था छ । व्यवसायीको जीवन बीमाको प्रबन्ध गरेको छौं । साना व्यवसाय, कृषि व्यवसायमा बीमा अनुदानको व्यवस्था गरेका छौं । विदेशी मुद्रा जोखिम कम गर्न हेजिङ फण्डको व्यवस्थापन गर्दै गएका छौं । थप जोखिम लिन व्यवसायी तयार हुनुपर्छ ।



**पुष्पकमल दाहाल**
पूर्वप्रधानमन्त्री तथा अध्यक्ष, नेपाल कम्यूनिष्ट पार्टी

नेपाल उद्योग परिसंघको अध्यक्ष हरिभक्त शर्माको सोच, गतिविधि धेरै राम्रो छ । उहाँको नेतृत्वमा परिसंघको गतिविधि निकै लोकप्रिय बन्दै आइरको छ । यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सकारात्मक सन्देश दिइरहको छ । सरकारले उद्यमीलाई पूर्ण रूपमा सहयोग गर्नुपर्छ । हाम्रो सोचमा, मानसिकतामा दुविधा हुनुपर्दैन, नयाँ राजनीतिक परिवर्तन भएको छ । राजनीतिक परिवर्तनबिना विकास हुँदैन भनेर हामीले धेरै संघर्ष गरौं । अहिले त्यो वातावरण बनेको छ । राजनीतिक परिवर्तन मात्र होइन, प्रणाली नै परिवर्तन गरेका छौं । नागरिकहरू अधिकार सम्पन्न भएका छन् । हामीले राजतन्त्र फाल्यौं । गणतन्त्र ल्यायौं । संघीयता ल्यायौं । सामान्य ऐन परिवर्तन गर्न दाँतबाट पसिना आउन थाल्यो । कर्मचारीहरूले सहयोग गरेन । राजनीतिक परिवर्तन भएअनुसार ऐन कानुन बन्न सकिरहेका छन् ।

हामी निजी क्षेत्रलाई उपयुक्त हुने, निजी क्षेत्रले नाफा गर्ने, नाफा हुने गरी ऐन कानुन बनाउने छौं । २१ औं शताब्दीमा नीजि क्षेत्रलाई प्रोत्साहित नगरी, कर प्रणालीमा विशेष छुट सुविधा नदिएसम्म लगानी वृद्धि हुन सक्दैन । उद्योगहरूको विकासको लागि सहज बैंकिङ सुविधा गर्नुपर्नेछ ।

हामीलाई विदेशी लगानी पनि भित्र्याउनुछ । स्वदेशी लगानी पनि प्रोत्साहित गर्नु छ । उनीहरूको लगानी सुरक्षित हुनु पर्छ । नाफा हुने वातावरण दिनुपर्छ । देशभित्र अविश्वास र आशंकाको वातावरण भयो भने विदेशी लगानी आउँदैन ।

हामीले समृद्धिको बाटो खोलीसकेका छौं । अधिकारलाई ग्राउण्ड लेवलसम्म नपुर्‍याई सफल हुन सक्दैनौं । हामीसँग बलियो सरकार रहेको छ । सरकारको कार्यक्रम धेरै महत्वकांक्षी लक्ष्यका साथ आएका छन् । म र प्रधानमन्त्री केपी शर्मा ओली मिलेर समृद्धिको यात्रालाई गति दिनको लागि लागि परेका छौं । तर कहाँ गाठो पर्यो हामी हेर्दैछौं । हामी निजी क्षेत्रलाई धेरै सहयोग पुग्ने गरी काम गरिरहेका छौं । यसको लागि हरबखत प्रयासरत छौं । अहिले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण फरक छ । हामीले हाम्रो उद्योगलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बनाउन लागि परेका छौं । हामीले पहिले पहिले हाम्रो देशको लगानीलाई परिचालन गरी विदेशी लगानीलाई विश्वास दिलाउन सकिन्छ ।

युवाहरूलाई उद्यममा गतिशील बनाउनु पर्छ । हामीले छिटो गतिमा प्रगति गरेका देशहरू पनि देखेका छौं । देश पहिला जस्तो अराजकतारितामा जाँदैन । नेपालमा ढुक्क भएर लगानी गर्न सबै उद्यमी व्यवसायीलाई आग्रह गर्दछु ।











# सम्मान तथा कदर

उद्घाटन सत्रमा राष्ट्रपति विद्यादेवी भण्डारीले नविल बैंकका अध्यक्ष शम्भुप्रसाद पौडेल, देउराली जनता फर्मास्युटिकल्सका निर्देशक सुरजभक्त पौडेल, होङ्सी सिमेन्टका निर्देशक गौरव गोयल, डिस होम लिमिटेडका सीईओ सुदिप आचार्य, चन्द्रगीरी हिल्स् लिमिटेडका प्रबन्ध निर्देशक हेमराज ढकाल, शिखर इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दीपप्रकाश पाण्डेलाई सम्मानित गर्नुभयो । सम्बन्धित कम्पनीहरूले उद्यमशीलता शिखर सम्मेलन आयोजना गर्न महत्वपूर्ण सहयोग गरेका थिए ।

त्यस्तै, कार्यक्रममा विभिन्न सेसनका बक्ता र मोडरेटरलाई कदरपत्र प्रदान तथा र खादाबाट सम्मान गरिएको थियो ।

# अनुसूची
# (Annex)

# THEME

*Federal Nepal: Opportunities for Investment and Growth*

# OBJECTIVES

The first endeavor of CNI in collaboration with the Government of Nepal, Ministry of Finance, Ministry of Commerce, Industries and Supplies and Bishal Media Group, the Nepal Entrepreneurship Summit 2019 aims to: i) Provide networking platform for entrepreneurs, ii) Promote entrepreneurship as an engine of growth and prosperity and iii) Propel the positive changes to the regulatory and social environment.

# PARTICIPANTS

Investors, Industry Leaders, Aspiring Entrepreneurs, Students, Legislators, Non-State Actors and the Media.

# BACKGROUND

Prosperity and growth are what citizens of Nepal now aspire for after the prolonged political transition. Role of entrepreneurs is paramount in achieving this goal. Historically, however, the contribution of manufacturing to the GDP has shrunk from about 10% in 1996/97 to less than 6% now. There has been a sustained state of alarming trade deficit in the country. In order to reverse the trend, there is an eminent need to encourage younger people to become job creators rather than job seekers. There is a dire need to create employment within the country to check on the alarming trend of youth migrating overseas for work. There is also a need to create positive impacts and hope, even more than creating employment.

The recent changes in federal and government structures, has further fueled the need to create conducive business environment and thus, stimulate entrepreneurial environment across Nepal. An economic

transformation, in true sense, is possible only when innovative ideas, practices and opportunities are leveraged on at national, provincial and local level.

Learning from the transformational stories of several economies and even within Nepal, entrepreneurship has long been proven as an epicenter of growth. It is the backbone of economic growth and development. Entrepreneurship is the sole means to leverage on innovative ideas, which put into action, becomes a prominent way to tackle with burgeoning problems like poverty, unemployment and youth migration. Entrepreneurship is not only a mere creation of new business ventures, but innovating new ways to solve existing problems and creating values.

The first Nepal Entrepreneurship Summit 2019, to be hosted by the Confederation of Nepalese Industries (CNI) on 14 February 2019, will assemble over 700 participants. It will reinforce entrepreneurship as the vehicle for rapid economic development, develop networks between small, medium and large entrepreneurs to create conducive environment for innovation, technology and entrepreneurship development.

The Summit will focus on the sustainable entrepreneurial ecosystem and its relevance in the current federal structure. The outcomes from these discussions will go on to support government's vision and action plan to drive entrepreneurship across Nepal. The summit will feature other revitalizing events such as start-up showcase cum exhibition, plenary sessions with leaders and experts from diverse sector and interaction sessions with youth entrepreneurs, industry leaders and venture capitalists from Nepal, Singapore, India, China and so on.

# SESSION BRIEF
## Nepal Entrepreneurship Summit 2019

The first Nepal Entrepreneurship Summit 2019, to be hosted by the Confederation of Nepalese Industries (CNI) on 14 February 2019, will assemble over 700 participants. It will reinforce entrepreneurship as the vehicle for rapid economic development, develop networks between small, medium and large entrepreneurs to create conducive environment for innovation, technology and entrepreneurship development. The Summit will focus on the sustainable entrepreneurial ecosystem and its relevance in the current federal structure. The outcomes from these discussions will go on to support government's vision and action plan to drive entrepreneurship across Nepal. The summit will feature other revitalizing events such as start-up showcase cum exhibition, plenary sessions with leaders and experts from diverse sector and interaction sessions with youth entrepreneurs, industry leaders and venture capitalists from Nepal, Singapore, India, China and so on.

# PLENARY SESSION 1

## Provinces - Fostering Investment and Job Opportunities

The constitution promulgated in 2015 restructured Nepal into a federal republic. Currently, the administrative, legal and institutional infrastructure are being setup at the local and provincial level. Governments at all three levels are committed to drive the prosperity agenda forward by enhancing investment in critical areas of agriculture, infrastructure, industries, health and education etc.

While the plan may have rightly captured the 'mood' and aspiration of the public for rapid economic progress, there has been no systematic assessment of the investment need of the country. Additionally, national framework for public financial management, particularly in the context of transition to federalism need to be streamlined. The current gloomy picture of the level of capital expenditure has to improve. It is imperative that the conducive investment climate be created to achieve the desired outcomes as committed.

Provincial governments, being the new setups, possess unprecedented opportunities to plan and execute flagship projects unique to their provinces which can transform the economy and living standard of the people.

### OBJECTIVES:

- Identify the priority areas of investment in individual provinces
- Gain assurance of regulatory reforms to attract potential investors

### QUESTIONS:

- What are the priority areas that the province would like to attract investment in?
- What are the incentives that the entrepreneurs get by investing and creating employment in the province?
- What are the plans of the provincial government to create conducive and predictable regulatory environment?

# PLENARY SESSION 2

## Developing Entrepreneurial Ecosystem

Entrepreneurs are those who take risks, give solutions and create value with innovative ideas and ultimately create employment and support the economy. In the recent past there has been some development of innovative curriculum in Nepal which incline graduates towards starting out their own venture rather than seeking jobs.

There are inherent challenges confronting the entrepreneurs in Nepal. Unfavorable regulatory environment, difficult access to finance, lack of predictability and transparency in the system, lack of social recognition are some of them. However, there are plenty of opportunities arising out of the current state of demographics, employment and development.

## OBJECTIVES:

- Establish entrepreneurship as a vehicle of economic growth and prosperity
- Encourage existing and budding entrepreneurs to contribute more to the Nepalese economy

## QUESTIONS:

- What are the opportunities and challenges in the existing entrepreneurial domain?
- What could be the enabling factors that would invigorate the business environment?
- How can young entrepreneurs be supported more?

# PLENARY SESSION 3

## Bridging the Gap between Idea and Funding

Entrepreneurs are those who take risks, give solutions and create value with innovative ideas and ultimately create employment and support the economy. However, for any business idea to become a business opportunity, there are plenty of hurdles. Country need to harness the latent potential of those business ideas becoming reality and contributing to the economy.

There has been some initiation from the government to bridge the financial gap by establishment of youth self-employment fund. Private sector and professional organizations have also contributed from their part. However, a more concrete initiative will be required to incubate ideas, provide mentorship and necessary recourses including funding.

## OBJECTIVES:

- Establish the significance of generating business ideas which could be realized as business opportunities
- Identify the pathways to bridge the gap between the idea and reality

## QUESTIONS:

- How can the generation of entrepreneurship ideas be nurtured?
- What can be done to mentor and support budding entrepreneurs?
- What could be the institutional and regulatory reforms?

# NEPAL ENTREPRENEURSHIP SUMMIT 2019

"Federal Nepal : Opportunities for Investment and Growth"

Organized by: CNI, Government of Nepal and Bishal Media Group

Thursday, 14 February 2019 : Hotel Yak and Yeti, Durbar Marg, Kathmandu

| Program | | Details of the Program/ Officials |
|---|---|---|
| | | Delegates Registration and Networking |
| **Opening Plenary : Inauguration of the Summit** | | |
| | Welcome Speech | Mr Hari Bhakta Sharma, President, CNI |
| | Inauguration | Rt. Hon'ble Mrs. Bidya Devi Bhandari, President of Nepal |
| | Remarks | Dr Rajendra KC, Chairman, Vishal Media Group |
| | Address | Hon'ble Mr Matrika Prasad Yadav- Minister for Industry, Commerce and Supplies |
| | Inaugural Address | Rt. Hon'ble Mrs. Bidya Devi Bhandari, President of Nepal |
| | Memento Presentation | |

| | | |
|---|---|---|
| | Memento Presentation | |
| | Vote of Thanks | Mr Satish Kumar More, Senior Vice President - CNI |
| Refreshment and Networking Break | | |





| PLENARY Session 1 : Provinces - Fostering Investment and Job Opportunities | |
|---|---|
| Session Chair | Hon'ble Dr. Yuba Raj Katiwada, Minister for Finance, Govt of Nepal |
| Panel Discussion | 1. Hon'ble Mr Jagadish Prasad Kusiyat, Minister for Industry, Province No 1 |
| | 2. Hon'ble Mr Ram Nearesh Rae, Minister for Industry, Province No 2 |
| | 3. Hon'ble Mr Arun Prasad Nepal, Minister for Industry, Province No 3 |
| | 4. Hon'ble Mr Bikash Lamsal, Minister for Industry, Gandaki Province |
| | 5. Hon'ble Mr Lila Giri, Minister for Industry, Province No 5 |
| | 6. Hon'ble Mr Nanda Singh Budha, Minister for Industry, Karnali Province |
| | 7. Hon'ble Ms. Maya Bhatta, Minister for Industry, Sudurpashchim Province |
| | Summation and Closing of the Plenary by Chair |
| Moderator | Mr Dil Bhushan Pathak, Senior Journalist-Thinker |

| | |
|---|---|
| | Lunch and Networking Break |
| | Special Address to the Summit : Rt. Hon'ble Mr KP Sharma Oli, Prime Minister of Nepal |
| **PLENARY Session 2: Developing Entrepreneurial Ecosystem** | |
| Session Chair | Hon'ble Mr. Surendra Pandey, Former Minister and Member of Parliament |
| Key Note Address | Dr. Govind Pokharel, Former Vice Chairman, National Planning Commission |

| | |
|---|---|
| Panel Discussion | Panelist: |
| | 1. Hon'ble Mr Mahesh Basnet, Former Minister and Member of Parliament |
| | 2. Hon'ble Mr Gagan Thapa, Former Minister and Member of Parliament |
| | 3. Mr D K Aggarwal, Senior Vice President, PHDCCI, India |
| | 4. Mr Shekhar Golchha - Senior Vice President, FNCCI |
| | 5. Mr Pawan Golyan, CEO, Reliance Spinning Mills |
| | 6. Dr Upendra Mahato - MD, Nepal Medicity Hospital |
| | Floor discussion |
| | Summation and Closing of the Plenary by Chair |
| Moderator | Mr Tikaram Yatri, AP1 TV |
| | Refreshment and Networking Break |
| **PLENARY Session 3 : Bridging the gap between idea and funding** | |
| Session Chair | Mr. Madhu Marasini, Joint Secretary, Ministry of Industry, Commerce and Supplies |
| Key Note Address | Mr Siddhant Pandey - Business Oxygen and the Dalle Story |
| Idea Exchange/ Discussion | 1. Mr Madhav Dhungel, VC, National Youth Council |
| | 2. Mr Sudhir Mittal, MD, Shree Airlines |
| | 3. Mr Bhawan Bhatta - President, NRN Association |
| | 4. Mr Rabi Rayamajhi, Private Sector Development Advisor, DFID |
| | 5. Mr Suman Joshi- True North Associates, Equity Funds and Foodmandu |
| | Floor discussion |

| | |
|---|---|
| | Summation and Closing of the Session by Chair |
| Moderator | Ms Kriti Panth |
| | Refreshment and Networking Break |





| Session 4: Journey to Success - Leading for Change | |
|---|---|
| Session Chair | Mr Maha Prasad Adhikari, CEO, Nepal Investment Board |
| Panel Discussion | Success Stories: |
| | 1. Mr. Hemraj Dhakal, MD IME Group |
| | 2. Mr Birendra Pandey, ED, Nepal Adarsha Nirman CO |
| | 3. Mr Satish Kumar More- Chairman, Lucky Group |
| | 4. Mr CP Sharma, CEO, Ostrich Farm |
| | 5. Mr Anil Keshary Shah, CEO, Nabil Bank |
| | 6. Ms Ambica Sharma Lamichhane, Director, Prabhu Bank |
| | Summation and Closing of the Session by Chair |
| Moderator | Bishal Gaire- CEO Vishal Media |

| Closing Plenary | |
|---|---|
| Closing Remarks | Mr Hari Bhakta Sharma, President, CNI |
| Valedictory Remarks | Dr. Punya Prasad Regmi - VC, Planning Commission Karnali Pradesh |
| Special Address | Hon’ble Dr Yubaraj Khatiwada, Minister for Finance |
| Special Address | Hon’ble Mr Pushpa Kamal Dahal Prachanda, Former Prime Minister & Chairman, CPN |
| Vote of Thanks | Mr Krishna Prasad Adhikari, Vice President, CNI |
| Reception and Dinner | |

# PHOTO GALLERY












NEPAL












NEPAL
ENTREPRENEURSHIP
SUMMIT 2019
























NEPAL
ENTREPRENEURSHIP
SUMMIT 2019
"Federal Nepal: Opportunities for Investment and Growth"













## Organizer

Confederation of Nepalese Industries (CNI)

Government of Nepal Ministry of Finance

Government of Nepal Ministry of Industry, Commerce & Supplies

Bishal Media Group (BMG)

## Main Sponsor

NABIL BANK

## Supporters

HONGSHIVAM

Shikhar Insurance Happysurance

shanker

Hongshi Shivam Cement
Shikhar Insurance
deurali-janta pharmaceuticals
Shanker Group

DishHome
शिवम् सिमेन्ट
CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE
Hilltake
Hilltake Water Tank

नेपाल उद्योग परिसंघ
**Confederation of Nepalese Industries (CNI)**
5th Floor, Trade Tower, Thapathali, Kathmandu, Nepal
Phone: +977-1-5111122, 5111123, Fax:+977-1-5111125
Web: www.cnind.org